विश्वका श्रमिक एक होऔं !

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को

# विधान

## २०४९

(नवौं राष्ट्रिय महाधिवेशन, २०७१ को संशोधन सहित)

| | |
|---|---|
| पुस्तकको नाम | : विधान-२०४९ (०७१ को संशोधन सहित) |
| प्रकाशक | : नेकपा (एमाले) केन्द्रीय सचिवालय |
| संस्करण | : पहिलो |
| मुद्रित प्रति | : १० हजार |
| मिति | : असोज २०७१ |
| मूल्य | : रु.४०/- |
| ले-आउट डिजाइन | : एम एस माउस, पुतलीसडक |
| मुद्रक | : नवयुग छापाखाना, मदननगर, बल्खु |

# विषयसूची


| | | |
|---|---|---|
| प्रस्तावना | | ५ |
| अध्याय – एक | नाम, झण्डा, प्रारम्भ र परिभाषा | ७ |
| अध्याय – दुई | सदस्यता | ९ |
| अध्याय – तीन | केन्द्रीय निकायहरू | १५ |
| अध्याय – चार | पार्टीका स्थानीय निकायहरू | ३० |
| अध्याय – पाँच | विशेष महाधिवेशन–अधिवेशन–बैठकहरू | ५७ |
| अध्याय – छ | संविधानसभा/संसद र स्थानीय निकाय | ५९ |
| अध्याय – सात | अनुशासन | ६१ |
| अध्याय – आठ | पार्टी कोष र सम्पत्तिको व्यवस्था | ६५ |
| अध्याय – नौ | विधान संशोधन | ६७ |
| अध्याय – दस | विविध | ६८ |
| अनुसूची – १ | पार्टी झण्डा | ७५ |
| अनुसूची – २ | शपथ ग्रहणको ब्यहोरा | ७६ |

# प्रस्तावना

नेपाल कम्युनिस्ट पार्टी नेपाली सर्वहारा श्रमजीवी वर्गको राजनीतिक अगुवा र प्रतिनिधि संस्थाका रूपमा सन् २२ अप्रिल १९४९ (वि.सं. २००६ बैशाख १०) मा स्थापना भएको हो । यसले मजदुर, किसान, निम्न पुँजीपति, राष्ट्रिय पुँजीपति र सम्पूर्ण जाति, भाषा, संस्कृतिका लोकतान्त्रिक एवम् देशभक्त जनसमुदायको हितलाई प्रतिनिधित्व गर्दछ । नेपाली जनताको वर्गीय र सामाजिक मुक्ति, जनताको सार्वभौमसत्ता, नेपालको स्वतन्त्रता, स्वाधीनता एवम् भौगोलिक अखण्डता र राष्ट्रिय हितको रक्षाका लागि सामन्तवाद-साम्राज्यवाद विरोधी सङ्घर्षका क्रममा विकसित हुँदै अहिले यो पार्टी नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को रूपमा स्थापित छ ।

पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद हो । जनताको बहुदलीय जनवाद नेपालको विशिष्ठ परिस्थितिमा मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक प्रयोगका क्रममा विकसित सिद्धान्त हो । यस पार्टीको नेतृत्वमा सम्पन्न ऐतिहासिक जनक्रान्तिबाट सामन्तवाद र सामन्ती राजतन्त्रात्मक व्यवस्थाको अन्त्य भई सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । यतिबेला मुलुक पुँजीवादी चरणमा प्रवेश गरेको छ । यो पार्टी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा पुँजीवादी-जनवादी क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्ने र आर्थिक-सामाजिक रूपान्तरणसहित राष्ट्रिय पुँजीको विकास गर्दै सामाजिक न्याय, समानता, समाजवाद र साम्यवाद प्राप्तिको बाटोमा अग्रसर हुनेछ ।

यस पार्टीले स्थापनाकालदेखि नै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका लागि विभिन्न जनआन्दोलन र जनक्रान्तिमा अग्रणी भूमिका खेल्दै आएको छ । २०६२/६३ को जनक्रान्तिबाट सामन्ती राजतन्त्रको अन्त्य गरी गणतन्त्र, लोकतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, समावेशिता जस्ता विशेषता सहितको लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न यस पार्टीको महत्वपूर्ण र निर्णायक भूमिका

रहेको छ। यो पार्टी जनताका प्रतिनिधिद्वारा जनआन्दोलन र जनक्रान्तिका हालसम्मका उपलब्धिलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रूपमा संस्थागत गर्न दृढ प्रतिज्ञ छ। यो पार्टी संविधानको सर्वोच्चता, विधिको शासन, वहुलवादी खुला समाज, बहुदलिय प्रतिस्पर्धा, आवधिक निर्वाचन, जनताका प्रतिनिधिद्वारा शासन प्रणालीको सञ्चालन, स्वतन्त्र न्यायपालिका र मानवधिकारको प्रत्याभूति लगायत लोकतन्त्रका विश्वव्यापी मूल्य-मान्यताप्रति प्रतिबद्ध छ। दिगो शान्ति र आमूल परिवर्तनको मार्गमा दृढताकासाथ अघि बढ्दै वर्तमान सन्दर्भमा समाजको प्रगतिशील रूपान्तरणका लागि शान्तिपूर्ण बाटो एवं लोकतान्त्रिक विधिमा विश्वास राख्दछ।

नेपालको कम्युनिस्ट आन्दोलनमा उत्पन्न दक्षिणपन्थी र उग्रवामपन्थी भड्काउ, विशेषतः उग्रवामपन्थी अवसरवाद तथा अराजकताका विरुद्ध पार्टीले वैचारिक सङ्घर्ष गर्दै आएको छ। यो पार्टी जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्तका आधारमा लोकतान्त्रिक ढङ्गले सञ्चालित हुँदै आएकोछ। यो पार्टी सादा र नैतिक जीवन एवम् कठोर सङ्घर्षको आदर्शलाई अपनाउँदै सामूहिक भावनाकासाथ अग्रसर हुँदै आएको छ। यो पार्टी सबै प्रकारका सङ्कीर्णताका बिरुद्ध तथा सामाजिक सद्भाव एवम् राष्ट्रिय एकताको पक्षमा रहेको छ। आम जनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै सबै प्रकारका अन्याय, असमानता र विभेदको समाप्तिका लागि सङ्घर्ष गर्नु र निस्वार्थ रूपमा देश, जनता र क्रान्तिको सेवामा समर्पित हुनु यस पार्टीका सदस्यहरूको कर्तब्य हुनेछ।

पार्टीका सबै सदस्यहरू समान छन्। पार्टीको सार्वभौम अधिकार पार्टी सदस्यहरूमा निहित रहनेछ। यसको प्रयोग पार्टी विधानअनुसार गरिने छ। पार्टी सदस्यहरूले सामाजिक-आर्थिक रूपान्तरणका लागि वर्ग सङ्घर्षमा सामेल हुँदै विचार, सङ्गठन र सङ्घर्षका क्षेत्रमा अग्रणी भूमिका खेल्नेछन्। जनसरोकारका सबालहरू र उत्पादनशील कार्यमा क्रियाशील रहँदै उनीहरू पार्टीको एकता र अग्रगतिका लागि सधैं समर्पित रहनेछन्। मुलुकको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक एवं क्रान्तिकारी सारतत्वकासाथ अघि बढाउँदै नेपाली क्रान्तिका निर्दिष्ट उद्देश्य र लक्ष्य हासिल गर्न जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील, जुझारु र अग्रगामी राजनीतिक शक्तिका रूपमा अघि बढ्न दृढ सङ्कल्पित रहने छन्।

## अध्याय – एक

# नाम, झण्डा, प्रारम्भ र परिभाषा

**धारा–१** यस पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) रहनेछ। सङ्क्षिप्तमा यसलाई नेकपा (एमाले) भनिने छ। अंग्रेजीमा Communist Party of Nepal (Unified Marxist-Leninist) र सङ्क्षिप्तमा CPN (UML) भनिनेछ।

**धारा–२** पार्टीको झण्डा अनुसूचि (१) मा उल्लेख गरिए बमोजिम हुनेछ।

**धारा–३** यस विधानको नाम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को विधान-२०४९ (नवौं राष्ट्रिय महाधिवेशनको संशोधन सहित) रहेको छ।

३. क) यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

३. ख) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा -

१. 'पार्टी' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) लाई बुझाउनेछ।

२. 'विधान' भन्नाले नेकपा (एमाले) को विधान - २०४९ (संशोधन सहित) लाई बुझाउनेछ।

३. 'श्रमिक वर्ग' भन्नाले शारीरिक र बौद्धिक दुबैखाले श्रम गर्ने श्रमजीवीलाई बुझाउनेछ।

४. 'पार्टी सदस्य' भन्नाले यस विधानको धारा - ४ बमोजिमको सदस्यलाई बुझाउनेछ।

५. 'महाधिवेशन' भन्नाले विधानको धारा - १३ बमोजिम आयोजना गरिने राष्ट्रिय महाधिवेशनलाई बुझाउनेछ। यसले धारा ३९ बमोजिमको विशेष महाधिवेशन समेतलाई बुझाउनेछ।

६. 'कमिटी' भन्नाले विधान अनुसार गठित केन्द्रीय कमिटीदेखि प्रारम्भिक कमिटीसम्मका सबै कमिटीहरूलाई बुझाउनेछ। यसले सङ्गठन कमिटीलाई समेत बुझाउनेछ।

६. 'पदाधिकारी' भन्नाले पार्टी केन्द्रीय कमिटीका अध्यक्ष, वरिष्ठ नेता, उपाध्यक्ष, महासचिव, उप-महासचिव, सचिव, केन्द्रीय कमिटी मातहतका सबै कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव र उप-सचिव एवं केन्द्रीय आयोगहरू का अध्यक्ष, उपाध्यक्ष, सचिव र सल्लाहकार परिषद्का अध्यक्ष, उपाध्यक्ष एवम् सचिव समेतलाई बुझाउनेछ।

७. 'केन्द्रीय निकाय' भन्नाले पार्टीको राष्ट्रिय महाधिवेशन, केन्द्रीय कमिटी, राष्ट्रिय प्रतिनिधि परिषद, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद् समेतलाई बुझाउनेछ।

९. 'पार्टीका स्थानीय निकाय' भन्नाले केन्द्रीय कमिटी मातहत गठन गरिएका अञ्चल समन्वय/विशेष समन्वय, जिल्ला/विशेष जिल्ला, क्षेत्र, इलाका, शाखा र प्रारम्भिक कमिटी तथा तत्तत् स्थानमा कायम प्रतिनिधि परिषद् समेतलाई बुझाउनेछ।

१०. 'प्रतिनिधि परिषद्' भन्नाले विधानको धारा - १५ बमोजिम गठित राष्ट्रिय प्रतिनिधि परिषद, जिल्ला प्रतिनिधि परिषद्, क्षेत्रीय प्रतिनिधि परिषद्, शाखा प्रतिनिधि परिषद् र प्रारम्भिक प्रतिनिधि परिषद् समेतलाई बुझाउनेछ।

११. 'मोर्चा सङ्गठन' भन्नाले पार्टीको वैचारिक मार्गदर्शनमा संचालित तथा पार्टी निर्णयद्धारा गठित पार्टीका घोषित जनसङ्गठनहरू को मोर्चालाई बुझाउनेछ।

१२. संसदीय दल भन्नाले विधानको धारा - ४३ वमोजिम गठन गरिएको नेकपा (एमाले) को संसदीय दललाई बुझाउनेछ।

१३. 'संयन्त्र' भन्नाले सरोकारवाला सङ्गठन, संस्था र राज्यका स्थानीय निकायको कामलाई व्यवस्थित गर्न त्यहाँ कार्यरत पार्टी सदस्यहरू सम्मिलित पार्टीको प्रत्यक्ष निर्देशनमा चल्ने संयन्त्रलाई बुझाउनेछ।

१४. 'कोष' भन्नाले सम्बन्धित तहको पार्टी कमिटीको निर्णय अनुसार स्थापना गरिएको पार्टी कोषलाई बुझाउनेछ ।

१५. 'तोकिए बमोजिम' भन्नाले विधानको धारा - ७३ बमोजिम तोकिएको बिषयलाई बुझाउनेछ ।

## अध्याय - दुई

## सदस्यता

**धारा-४ क) पार्टी सदस्य :**

विधानको धारा - ४ (ख) को योग्यता र धारा ५ र ६ (क) को प्रकृया पूरा गरी सदस्यता प्राप्त गरेका व्यक्ति पार्टी सदस्य हुनेछन् ।

ख) पार्टी सदस्यको योग्यता देहायबमोजिम हुनेछ :

१. नेपाली नागरिक,

२. १८ वर्ष उमेर पूरा भएको,

३. नैतिकवान र स्वच्छ चरित्र भएको,

४. मानसिक सन्तुलन नगुमेको, नैतिक पतन देखिने कुनै अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको ६ महिनाभन्दा बढी अवधि भइसकेको,

५. पार्टीका आन्दोलन र विभिन्न गतिविधिहरूमा सक्रिय रहेको, पार्टी प्रवेशपत्र, घोषित जनवर्गीय सङ्गठन वा सम्पर्क मञ्चको सदस्यता प्राप्त गरी कम्तिमा १ वर्षको अवधि पूरा गरेको,

६. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिप्रति प्रतिवद्ध तथा विधानलाई निःशर्त स्वीकार गरी कार्यान्वयन गर्न तत्पर रहेको,

७. मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादलाई आत्मसात गर्दै जनताको सेवामा समर्पित, सामाजिक गतिविधिमा सक्रिय

र राष्ट्रिय स्वतन्त्रता र एकता, सार्वभौमसत्ता एवं भौगोलिक अखण्डताको रक्षाका लागि प्रतिबद्ध रहेको,

८. कम्युनिष्ट आचरण र नैतिकताको पालना, सार्वजनिक जवाफदेहिता र पारदर्शी जीवनशैलीप्रति प्रतिबद्ध,

९. उत्पादनमूलक काममा सङ्लग्न हुन एवं सामाजिक-आर्थिक रूपान्तरणमा क्रियाशिल हुन तत्पर ।

**धारा-५ पार्टी सदस्यता प्राप्त गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ :**

१. पार्टी सदस्य बन्न योग्यता पुगेको व्यक्तिले तोकिएको ढाँचामा दुईजना पार्टी सदस्यको सिफारिससहित आफू रहेको स्थानको शाखा कमिटी मार्फत् जिल्ला कमिटीमा आवेदन दिने ।

२. शाखा कमिटीले त्यस्तो आवेदन उपर आवश्यक छानवीन गरी सिफारिससहित इलाका कमिटी वा निर्वाचन क्षेत्रीय कमिटी मार्फत् जिल्ला कमिटीमा पठाउने ।

३. इलाका वा निर्वाचन क्षेत्रीय कमिटीले आवश्यक छानविन गरी सिफारिससहित जिल्ला कमिटीमा पठाउने ।

४. जिल्ला कमिटीले सम्बन्धित आवेदकको धारा ४ (क) को योग्यता पुगे नपुगेको छानविन गरी तोकिएको शुल्क लिएर सुरुमा परीक्षणकालीन सदस्यता प्रदान गर्ने र परीक्षणकालीन दायित्व पूरा गर्न लगाउने । परीक्षणकालीन अवधि र दायित्व पूरा गरेका आवेदकलाई पूर्ण सदस्यता प्रदान गर्ने निर्णय गरी अनुमोदनार्थ अञ्चल समन्वय कमिटीमा पठाउने ।

५. अञ्चल समन्वय कमिटीले आवश्यक छानविन गरी अनुमोदन गर्ने र सदस्यता नम्बर प्रदान गर्न केन्द्रीय सङ्गठन विभागमा पठाउने ।

६. केन्द्रीय सङ्गठन विभागले सदस्यता नम्बर प्रदान गरी अभिलेख राख्ने र सम्वन्धित कमिटीमा पठाइदिने ।

७. सदस्यता नम्बर प्रदान भएर आएपछि जिल्ला कमिटीले तोकिएको ढाँचामा शपथग्रहण गराएपछि औपचारिकरूपमा निजले पार्टी सदस्यता प्राप्त गरेको मानिने छ ।

८. सदस्यता सम्बन्धी विवाद वा समस्या उत्पन्न भएमा सम्बन्धित स्थानको सदस्यता प्रदान गर्ने अधिकारप्राप्त कमिटीले निर्णय गर्नेछ । तर उक्त कमिटीभन्दा माथिल्लो तहमा सङ्गठित व्यक्तिको हकमा भने निज सङ्गठित रहेको कमिटीले निर्णय गर्नेछ ।

९. मापदण्ड पूरा भएको व्यक्तिले स्थानीय कमिटीमा आवेदन गर्दा सदस्यता पाउन नसकेमा विवरण खुलाई एक तहमाथि वा केन्द्रीय सङ्गठन विभागमा निवेदन गर्न सक्नेछन् ।

**धारा–६ (क) पार्टी सदस्यको परीक्षणकालीन अवधि र दायित्व**

१. परीक्षणकाल देहायबमोजिम हुनेछ :

क) श्रमजीवी वर्गको व्यक्तिका लागि- १ वर्ष ।

ख) धनी किसान तथा राष्ट्रिय पुँजीपतिवर्गको व्यक्तिका लागि - १ वर्ष ६ महिना ।

ग) ठूलो पूँजीपति वर्गको व्यक्तिका लागि- २ वर्ष ।

२. परीक्षणकालीन दायित्व देहायबमोजिम हुनेछ :

क) परीक्षणकालीन सदस्यता प्राप्त गर्ने व्यक्ति सम्बन्धित कमिटीले तोकेको सङ्गठनमा सङ्गठित भई काम गर्ने ।

ख) पार्टीका सिद्धान्त, कार्यक्रम र नीतिको अध्ययन गर्ने ।

ग) पार्टी स्कूलले सञ्चालन गरेको कक्षा र लिखित वा मौखिक परीक्षामा सामेल भई परीक्षा उत्तीर्ण गर्ने ।

घ) आफुले गरेको कामको प्रतिवेदन र पार्टी स्कुलको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रसहित सदस्यताको निम्ति सम्बन्धित जिल्ला कमिटीमा आवेदन गर्ने ।

(ख) पार्टी सदस्यका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् -

१. पार्टी कमिटी वा परिषद् वा विभाग वा पार्टीका घोषित जनसङ्गठन वा मञ्च वा तोकिएका संयन्त्रमा सङ्गठित भई काम गर्ने,

२. पार्टी सदस्यकानिम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना एवं कार्यान्वयन गर्ने,

३. तोकिएको प्रक्रिया बमोजिम बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र नीति तथा निर्णयमा मतदान गर्ने तथा सम्बन्धित कमिटीमा आफ्नो मत जाहेर गर्ने,

४. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको दृढतापूर्वक अनुशरण गर्दै आफ्नो जिम्मेवारी पूरा गर्ने,

५. पार्टीद्वारा आयोजित कार्यक्रमहरू तथा जनताको हकहितका लागि सञ्चालित आन्दोलनहरूमा सहभागी हुने र उत्पादनशील काम एवम् विकास निर्माणलगायत जनसरोकारका सवालहरूमा सक्रिय रहने,

६. आफूमाथि भएको कुनै पनि कारबाहीमाथि चित्त नबुझेमा कारणसहित कारबाही गर्ने कमिटीभन्दा माथिल्लो कमिटीमा आवेदन गर्न सक्ने,

७. पार्टी अनुशासन पालना गर्दै पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठालाई जोगाई राख्न क्रियाशील रहने र पार्टीप्रति सदैव इमान्दार रहने,

८. माथिल्लो कमिटीमा आवश्यकता अनुसार सुझाव, टिप्पणी र आलोचना पठाउने,

९. तोकिएको सदस्यता शुल्क एवम् लेवी नियमित रूपमा सम्बन्धित कमिटीमा बुझाउने र तोकिएको समयमा सदस्यता नवीकरण गर्ने ।

(ग) पार्टी सदस्यताको समाप्ति

१. स्वेच्छाले सदस्यता परित्याग गरेमा,

२. बिना अनुमति लगातार ६ महिनाभन्दा बढी समयसम्म पार्टी काममा सङ्लग्न नरहेमा,

३. पार्टीबाट अनुशासनात्मक कारवाहीस्वरूप सदस्यबाट निष्कासित भएमा,

४. नेपाली नागरिकता परित्याग गरेमा ।

५. तोकिएको समयमा सदस्यता नवीकरण नगराएमा,

६. मृत्यु भएमा ।

**धारा–७ पार्टी सदस्यताको पुनः प्राप्ति**

१. धारा ६ ग (१, २ र ४) वमोजिम सदस्यता गुमाएका व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा तोकिएको प्रक्रिया पूरा गरी कम्तिमा ६ महिनासम्म सम्बन्धित पार्टी कमिटीले तोकेको काम गरेपछि धारा ५ बमोजिम प्रकृया पूरा गरी पुनः सदस्यता प्राप्त गर्न सक्नेछन् ।

२. अनुशासनको कार्वाहीमा परी पार्टी सदस्यताबाट निष्कासित व्यक्तिले तोकिएको प्रक्रियाअनुरूप गल्ती महसुस गरी लगातार दुई बर्ष तोकिएको काम गरेपछि मात्र सदस्यताकालागि आवेदन गर्न सक्नेछन् । त्यस्तो व्यक्तिले धारा - ५ बमोजिमको प्रक्रिया पूरा गरेर मात्र पुनः सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**धारा–८ सदस्यता कायम :**

१. नेपाल कम्युनिष्ट पार्टीको कुनै पनि समूहमा सदस्यता प्राप्त गरी सदस्यता कायम रहेको प्रमाणित भएको व्यक्तिले आफ्नो समूह त्याग गरी पार्टी प्रवेश गरेमा तोकिए बमोजिमको मापदण्ड र प्रक्रियाका आधारमा निजको सदस्यता कायम हुन सक्नेछ,

२. त्यसरी पार्टी प्रवेश गरेका व्यक्तिको सदस्यता कायम गर्नुअघि स्थानीय पार्टी कमिटीले छानबिन गरी निर्णय गर्नुपर्ने छ ।

३. शारीरिक अवस्था कमजोर भएका र राजनीतिक वा झुट्ठा मुद्धामा जेल परेका सदस्यहरू कुनै कमिटी वा निकायमा सङ्गिठत नरहेपनि पार्टीप्रति निष्ठावान र आस्थावान रहँदासम्म निजको सदस्यता कायम रहनेछ ।

४. पार्टीले विशेष काममा खटाएका सदस्यहरू कुनै कमिटी वा निकायमा सङ्गठित नरहे पनि निजको सदस्यता कायम रहनेछ ।

**धारा–९ केन्द्रीय कमिटीबाट सदस्यता तथा मानार्थ सदस्यता प्रदान**

१. गैर कम्युनिष्ट पार्टीबाट प्रवेश गरेका लोकतान्त्रिक तथा सामाजिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेका वा स्वतन्त्ररूपमा रहेका सामाजिकरूपमा प्रतिष्ठित व्यक्तिलाई जिल्ला कमिटी वा अञ्चल समन्वय कमिटी वा केन्द्रीय सङ्गठन विभागको सिफारिसमा केन्द्रीय कमिटीले पार्टी सदस्यता प्रदान गर्न सक्नेछ ।

२. कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनमा विशिष्ट भूमिका खेलेको, राष्ट्र र समाजको लागि विशेष योगदान गरेको र केन्द्रीय कमिटीले आवश्यक ठानेको विशिष्ट व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

३. कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलन तथा राष्ट्र र समाजको सेवामा समर्पित रहेको अवस्थामा मृत्यु भएका व्यक्तिलाई स्थानीय कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले मृत्योपरान्त पनि मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

**धारा–१० शपथ ग्रहण :**

देहायका व्यक्तिहरूले अनुसूचि (२) बमोजिमको शपथ ग्रहण गर्नु पर्नेछ :

१. पार्टी सदस्यता प्राप्त गर्ने व्यक्ति,

२. पार्टी कमिटी, परिषद र आयोगमा सङ्गठित हुने व्यक्ति ।

**धारा–११ सदस्यताको अभिलेख र नवीकरण :**

१. पार्टी सदस्यताको सम्पूर्ण अभिलेख केन्द्रीय कार्यालयमा राखिनेछ ।

२. स्थानीय कमिटीहरूले आ-आफ्नो कार्यक्षेत्रभित्रका पार्टी सदस्यहरूको अभिलेख राख्नेछन् ।

३. पार्टी सदस्यताको नवीकरण गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

## अध्याय – तीन

# केन्द्रीय निकायहरू

**धारा–१२ पार्टीका केन्द्रीय निकायहरू पार्टीका देहाय बमोजिम रहनेछन् :**

१. राष्ट्रिय महाधिवेशन तथा विधान महाधिवेशन

२. केन्द्रीय कमिटी,

३. राष्ट्रिय प्रतिनिधि परिषद्,

४. केन्द्रीय अनुशासन आयोग,

५. केन्द्रीय लेखा परीक्षण आयोग,

६. केन्द्रीय निर्वाचन आयोग,

**धारा–१३ राष्ट्रिय महाधिवेशन तथा विधान महाधिवेशन**

क) राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ र यसको आयोजना केन्द्रीय कमिटीद्वारा हरेक पाँच वर्षमा गरिनेछ ।

ख) राष्ट्रिय महाधिवेशनका अधिकार र कर्तव्य -

१. महाधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संयन्त्रहरू गठन गर्ने,

२. केन्द्रीय कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक प्रस्ताव र केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनहरू माथि छलफल गरी पारित गर्ने,

३. पार्टी विधानमा आवश्यक संशोधन गर्ने,

४. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोगका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गर्ने ।

ग) राष्ट्रिय महाधिवेशनको प्रतिनिधित्वको व्यवस्थाः

१. तोकिए बमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू ।

२. निर्वाचित प्रतिनिधि संख्याको ५ प्रतिशतमा नबढ्ने गरी केन्द्रीय कमिटिबाट मनोनित प्रतिनिधिहरू ।

३. केन्द्रीय निकायका पदाधिकारी एवम् सदस्यहरू आयोजकका हैसियतले महाधिवेशनमा सहभागी हुनेछन् । तर महाधिबेशन प्रतिनिधि हुनकाल ागि निजले आ–आफ्नो कार्यक्षेत्र वा तोकिएको क्षेत्रबाट निर्वाचित हुनुपर्नेछ ।

**धारा–१३ क. विधान महाधिवेशन :**

१. एक राष्ट्रिय महाधिवेशन देखि अर्को महाधिवेशनका बीचमा विधान महाधिवेशन गरिनेछ । यसको आयोजना केन्द्रीय कमिटीले गर्नेछ ।

२. विधान महाधिवेशनका काम, कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछन् :

क) केन्द्रीय कमिटीले विधान महाधिवेशनको सञ्चालन गर्ने र त्यसकालागि आवश्यक संयन्त्रहरू गठन गर्ने ।

ख) केन्द्रीय कमिटीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव र विधान संशोधन प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

ग) केन्द्रीय निर्वाचन आयोगको निर्वाचन गर्ने ।

तर चालु कार्यकालका लागि भने नवौं राष्ट्रिय महाधिवेशनपछि प्रथम पटक आयोजना हुने राष्ट्रिय प्रतिनिधि परिषद्बैठकबाट निर्वाचन गरिनेछ ।

३. विधान महाधिवेशनको प्रतिनिधित्वको व्यवस्था :

क) राष्ट्रिय प्रतिनिधि परिषदका सदस्यहरू नै विधान महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

**धारा-१४ केन्द्रीय कमिटी :**

क) केन्द्रीय कमिटी दुई महाधिवेशनबीचको अवधिमा पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ । केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन तथा राष्ट्रिय प्रतिनिधि परिषद्प्रति उत्तरयदायी रहनेछ । राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय कमिटी निर्वाचित भएपछि पुरानो केन्द्रीय कमिटी स्वतः विघटित हुनेछ ।_

ख) केन्द्रीय कमिटीमा देहाय बमोजिम पदाधिकारी र सदस्यहरू हुनेछन्-

१. राष्ट्रिय महाधिवेशनबाट निर्वाचित अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव १, उपमहासचिव २, सचिव ५ गरी जम्मा १४ जना पदाधिकारी ।

२. १४ पदाधिकारी र वरिष्ठ नेता १ सहित ११५ पूर्ण र ४४ वैकल्पिक गरी जम्मा १५९ सदस्य ।

३. राष्ट्रिय महाधिवेशनबाट निर्वाचित कूल सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटीबाट मनोनित सदस्यहरू ।

ग) पार्टीका निवर्तमान अध्यक्ष बरिष्ठ नेता हुनेछन् । निजको मर्यादाक्रम अध्यक्षपछि रहनेछ ।

घ) केन्द्रीय कमिटीका अधिकार र कर्तव्य :

१. आफूमध्येबाट पोलिटव्यूरो र स्थायी कमिटीको निर्वाचन गर्ने,

२. केन्द्रीय सचिवालय गठन गर्ने,

३. तोकिए बमोजिमका केन्द्रीय विभाग र आवश्यक संयन्त्र एवम् कार्यदलहरू गठन गर्ने,

४. केन्द्रीय तहमा गठित विभाग, संयन्त्र र कार्यदलका अधिकार तथा कर्तब्य तोक्ने,

५. केन्द्रीय कमिटीका सदस्यहरूको कार्य विभाजन, क्षेत्र विभाजन र स्थानान्तरण गर्ने,

६. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषदका निर्णयहरू कार्यान्वयन गर्ने तथा आवश्यक विषयमा पार्टीको दृष्टिकोण तथा नीति तय गर्ने,

७. पार्टीको राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद् तथा केन्द्रीय कमिटीबाट पारित दस्तावेजहरू, केन्द्रीय मुखपत्र लगायत अन्य आवश्यक सामग्री सम्पादन तथा प्रकाशन गर्ने,

८. केन्द्रीय कमिटी, पोलिटब्यूरो तथा स्थायी कमिटीका निर्णय अनुरूप अन्तरपार्टी निर्देशन जारी गर्ने,

९. मातहत कमिटीलाई लेवी र शुल्क तोक्ने,

१०. अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने,

११. वैचारिक, सैद्धान्तिक र नीतिगत विषयमा बहस गर्नुपर्ने आवश्यकता महसुस भएमा छुट्टै बैठक वा मञ्चको आयोजना गर्ने,

१२. पार्टीका स्थानीय कमिटी तथा जनवर्गीय र पेशागत सङ्गठनहरूमा रहेका पार्टी सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने,

१३. मातहत कमिटीबाट अनुशासनको कारवाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने,

१४. पार्टीको एकता, हित र सुरक्षाजस्ता विषयमा खलल पार्ने कुनै पनि मातहत कमिटीका निर्णयलाई बदर गर्न सक्ने, आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा पार्टी निर्देशन पालन नगर्ने कमिटीलाई विघटन गर्न र सदस्यलाई कारवाही गर्नसक्ने,

१५. अनुशासन उल्लङ्घन गर्ने केन्द्रीय कमिटी, केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय विभाग, संयन्त्र र राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरूमाथि अनुशासनको कारवाही गर्ने,

१६. केन्द्रीय कमिटी, केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय विभाग, केन्द्रीय तहका संयन्त्र तथा कार्यदल र राष्ट्रिय प्रतिनिधि परिषदका सदस्यहरूको राजीनामा स्वीकृत गर्ने,

१७. मापदण्ड पूरा गरेका कुनै पनि व्यक्तिलाई पार्टी सदस्यता र मानार्थ सदस्यता प्रदान गर्नसक्ने,

१८. राष्ट्रिय प्रतिनिधि परिषदको वैठक आयोजना गर्ने, बैठकका निर्णय, निर्देशन तथा सुझावहरूलाई कार्यान्वयन गर्ने,

१९. पार्टीको राष्ट्रिय महाधिवेशन तथा विधान महाधिवेशन आयोजना गर्ने,

२०. सरकार, संसद तथा स्थानीय निकाय सञ्चालनसम्बन्धी नीति निर्माण एवं नेतृत्व प्रदान गर्ने,

२१. केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरूको वरियताक्रम निर्धारण गर्ने,

२२. पार्टी एकता र एकीकरणलाई अगाडि बढाउन आवश्यक निर्णय गर्ने,

२३. विधानमा तोकिएका अन्य कार्यहरू गर्ने ।

ङ) पोलिट ब्यूरोका अधिकार र कर्तव्य :

१. केन्द्रीय कमिटीका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आवश्यक विषयमा पार्टीका नीति तथा दृष्टिकोण तय गर्ने,

२. केन्द्रीय कमिटीको बैठक समक्ष प्रतिवेदन पेश गर्ने,

३. आफूले गरेका निर्णय तथा कार्यहरू अनुमोदनका निम्ति केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने,

४. केन्द्रीय कमिटीले तोकेका अन्य कार्यहरू गर्ने,

५. केन्द्रीय कमिटीप्रति उत्तरदायी रहने ।

च) स्थायी कमिटीका अधिकार र कर्तव्य :

१. केन्द्रीय कमिटी तथा पोलिटब्यूरोका बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने,

२. आफूले गरेका निर्णय तथा कार्यहरू अनुमोदनका निम्ति पोलिटब्यूरो र केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने,

३. केन्द्रीय कमिटी र पोलिटब्यूरोले तोकेका अन्य कार्यहरू गर्ने,

४. केन्द्रीय कमिटी र पोलिटब्यूरोप्रति उत्तरदायी रहने ।

छ) अध्यक्षका अधिकार र कर्तव्य :

१. पार्टीको प्रमुख नेताको रूपमा समग्र पार्टीको नेतृत्व गर्ने,

२. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, राष्ट्रिय प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका नीति तथा निर्णयहरूको कार्यान्वयनमा पार्टीलाई नेतृत्व प्रदान गर्ने, पार्टी विधानको कार्यान्वयन गर्ने गराउने,

३. केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी र राष्ट्रिय प्रतिनिधि परिषद्का बैठकको अध्यक्षता गर्ने,

४. केन्द्रीय कमिटी तथा पोलिटब्यूरोको बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

५. केन्द्रीय कमिटीको तर्फबाट विधान महाधिवेशन तथा राष्ट्रिय प्रतिनिधि परिषद्मा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

६. आफूमा निहीत अधिकार उपाध्यक्ष वा उपाध्यक्षहरूमा प्रत्यायोजन गर्ने,

७. केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

८. केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका निर्णय कार्यान्वयन गर्ने गराउने ।

ज) उपाध्यक्षका अधिकार र कर्तव्य :

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

२. अध्यक्षले प्रत्यायोजित गरेका कामहरू गर्ने,

३. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

४. विकास क्षेत्र अन्तरगत कार्यक्षेत्र भएका केन्द्रीय कमिटीका सदस्यहरूसँग सम्पर्क एवं समन्वय गरी नेतृत्व प्रदान गर्ने ।

५. केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

झ) महासचिवका अधिकार र कर्तव्य :

१. राष्ट्रिय महाधिवेशन तथा विधान महाधिवेशनबाट पारित नीति-निर्णयहरूको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीमा प्रस्तुत गर्ने,

२. केन्द्रीय सचिवालय सञ्चालन गर्ने,

३. अध्यक्षको परामर्शमा केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी र राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक बोलाउने र बैठकको कार्यसूची तयार गर्ने,

४. केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटीको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेश गर्ने,

५. केन्द्रीय कमिटीको तर्फबाट विधान महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्को बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

६. केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी र राष्ट्रिय प्रतिनिधि परिषदका बैठक सञ्चालन गर्ने,

७. आफूमा निहीत अधिकार उपमहासचिवमा प्रत्यायोजन गर्ने,

८. केन्द्रीय कमिटी, पोलिटव्यूरो र स्थायी कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

९. केन्द्रीय कमिटी, पोलिटब्यूरो तथा स्थायी कमिटीका निर्णय कार्यान्वायन गर्ने गराउने ।

ञ) उपमहासचिवका अधिकार र कर्तव्य :

१. महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

२. महासचिवले प्रत्यायोजित गरेका कामहरू गर्ने,

३. महासचिवको काममा आवश्यक सहयोग गर्ने,

४. केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

ट) सचिवका अधिकार र कर्तव्य :

१. सचिवहरूले केन्द्रीय सचिवालय, पार्टी सङ्गठन, मोर्चा सङ्गठन, प्रचार तथा प्रकाशन र राजकीय मामिला गरी पाँच क्षेत्रको काम गर्ने,

२. केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

ठ) केन्द्रीय सचिवालयका अधिकार र कर्तव्य :

१. केन्द्रीय कार्यालय संचालन गर्ने ।

२. केन्द्रीय स्तरबाट तयार गरिनु पर्ने कार्ययोजना वा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

३. केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीको बैठकका कार्यसूची सम्बन्धी प्रस्ताव तयार गर्ने,

४. केन्द्रीय विभाग, मातहत कमिटी, संयन्त्र, कार्यदल, मोर्चा सङ्गठन लगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने,

५. समसामयिक विषयमा पार्टी निर्णय सार्वजनिक गर्ने,

६. केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

**धारा-१५ राष्ट्रिय प्रतिनिधि परिषद् :**

क) केन्द्रमा एक राष्ट्रिय प्रतिनिधि परिषद् रहनेछ। त्यसमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :

१. केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरू,

२. केन्द्रीय अनुशासन आयोग, लेखा परीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय सल्लाहकार परिषद् र जेष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी तथा सदस्यहरू,

३. जिल्ला कमिटी/विशेष जिल्ला कमिटीका अध्यक्षहरू,

४. अञ्चल समन्वय कमिटीका सचिवहरू,

५. केन्द्रीय विभागका सचिवहरू,

६. पार्टीका घोषित जनसङ्गठनमा पार्टी सदस्य रहेका केन्द्रीय अध्यक्षहरू,

७. भूगोलका प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाको दरले निर्वाचित सदस्य, निर्वाचन क्षेत्रलाई आधार मानेर तोकिएको सदस्य सङ्ख्याको आधारमा निर्वाचित महिला सदस्य र जिल्लालाई आधार मानेर तोकिएको सदस्य सङ्ख्याको आधारमा निर्वाचित दलित सदस्य,

८. उपर्युक्त सदस्यहरूको कूल सङ्ख्याको पाँच प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटीबाट मनोनित सदस्यहरू,

९. केन्द्रीय कमिटीका पदाधिकारीहरू नै राष्ट्रिय प्रतिनिधि परिषद्का पनि पदाधिकारी हुनेछन् ।

१०. राष्ट्रिय प्रतिनिधि परिषदको वैठक सामान्यतया १८ महिनामा एकपटक बस्नेछ ।

११. कुनै पनि कारणले राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य पद खाली भएमा तीन महिनाभित्र पूर्ति गरिनेछ ।

स्पष्टीकरण : तीनहजार भन्दा बढी सङ्गठित सदस्य रहेका भूगोलका निर्वाचन क्षेत्र र विशेष जिल्ला कमिटीको कार्यक्षेत्रबाट थप एकजना राष्ट्रिय प्रतिनिधि परिषद सदस्य निर्वाचित हुनेछन् ।

ख) राष्ट्रिय प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् -

१. केन्द्रीय कमिटीका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

२. केन्द्रीय कमिटी र केन्द्रीय आयोगहरूका समग्र कामको समीक्षा र मूल्याङ्कन गर्ने तथा आवश्यक सुझाव र निर्देशन दिने,

३. केन्द्रीय कमिटी तथा केन्द्रीय आयोगका सदस्य कसैले आफ्नो जिम्मेवारी पूरा नगरेको, अनुशासनहीन काम गरेको, आर्थिक अनियमितता गरेको वा अनैतिक आचरण गरेको स्पष्ट तथ्य प्राप्त भएमा परिषद्को दुई तिहाई बहुमतबाट किटानी आरोपकासाथ केन्द्रीय कमिटी वा आयोगका कूल सदस्य सङ्ख्याको एक कार्यकालमा बढीमा एक तिहाई सदस्यसम्म फेरबदल गर्नसक्ने,

४. केन्द्रीय अनुशासन आयोग, लेखा परीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनमाथि छलफल गरी राय-सुझाव दिने,

५. राष्ट्रिय राजनीतिमा आएका महत्वपूर्ण परिवर्तनका सन्दर्भमा वा पार्टी जीवनमा गहिरो प्रभाव पार्ने महत्वपूर्ण घटनाका

विषयमा छलफल गर्न आवश्यक ठानी राष्ट्रिय प्रतिनिधि परिषद्का २५ प्रतिशत सदस्यले कार्यसूचीसहित बैठकको माग गरेमा अध्यक्षसँग परामर्शगरी महासचिवले तीन महिनाभित्र राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक बोलाउनु पर्नेछ ।

**धारा–१६ केन्द्रीय अनुशासन आयोग :**

क) राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष सहित २१ सदस्यीय केन्द्रीय अनुशासन आयोगको निर्वाचन गरिनेछ। आयोगको बैठकले उपाध्यक्ष र सचिवको निर्वाचन गर्नेछ। आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्य सरह हुनेछ। उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्य सरह हुनेछ। यो आयोग राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ। आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकायमा वा जनसङ्गठनमा सङ्गठित हुनेछैनन् ।

ख) आयोगका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् -

१. पार्टीका तोकिए बमोजिमका कमिटीका सदस्यहरू र जनप्रतिनिधिमूलक संस्था एवम् लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, आवश्यकताअनुसार छानबिन गर्ने र आवधिक रूपमा सार्वजनिक गर्ने,

२. पार्टीका केन्द्रीय निकायका पदाधिकारी र सदस्यहरूलगायत विभिन्न तहका पार्टी कमिटी, कार्यकर्ता र सदस्यहरूले पार्टी अनुशासन, निर्णय र निर्देशनको पालना गरे नगरेको अनुगमन गर्ने र गल्ती गर्नेहरूमाथि अनुशासनको कारबाही गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने,

३. पार्टीको अनुशासन उल्लङ्घन गर्ने, पार्टीले तोकेको परिधि र पद्धति नाघी अभिव्यक्ति दिने, पार्टीको हित विपरीत क्रियाकलाप गर्ने कुनै पनि तहको सदस्यलाई सचेत पार्ने तथा

त्यस्ता गतिविधि दोहोऱ्याइरहने सदस्यलाई विधानअनुरूप अनुशासनको कारवाही गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने,

४. कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा आवश्यक छानबिन गरी अनुशासनको कारबाही गर्न निर्देशन दिने, सम्बन्धित कमिटीले सो निर्देशन कार्यान्वयन नगरेमा आयोग स्वयम्ले कारबाहीको प्रक्रिया अघि बढाउने,

५. अनुशासनको उल्लङ्घनसम्बन्धी सवालमा अनुसन्धान गर्ने सन्दर्भमा आवश्यकताअनुसार विभिन्न कमिटीका बैठक तथा कार्यक्रमहरूमा उपस्थित हुनसक्ने,

६. आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूमाथि अनुशासनको कारबाही गरी पदमुक्त गर्ने र अध्यक्ष, उपाध्यक्ष र सचिव वा सदस्यहरूको राजीनामा स्वीकृत गर्ने,

७. पार्टी केन्द्रीय कमिटीलगायत कुनै पनि कमिटीबाट अनुशासनको कारबाहीमा परी चित्त नबुझ्ी लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा कमिटीको उजुरी वा पुनरावेदन ग्रहण गरी त्यसमा आवश्यक छानबिन गरी निर्णय गर्ने । केन्द्रीय कमिटीको निर्णय उपर चित्त नबुझ्ी यस आयोग समक्ष पुनरावेदन गरिएमा सो उपर छानवीन गरी आवश्यक कारवाही गर्ने ।

८. अनुशासनको कारबाहीसम्बन्धी निर्णय र पर्न आएका पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै किसिमका निर्णयहरूको जानकारी केन्द्रीय कमिटीलाई दिने,

९. आयोगले आफ्नो कार्य-सम्पादन नियमावली आफै बनाउने,

१०. आफ्नो कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद् समक्ष प्रस्तुत गर्ने, केन्द्रीय कमिटी समक्ष जानकारीका लागि प्रस्तुत गर्न सक्ने,

११. आयोगका अध्यक्षले केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटीका बैठकमा भाग लिने ।

**धारा–१७ केन्द्रीय लेखा परीक्षण आयोग :**

क) राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष सहित २१ सदस्यीय केन्द्रीय लेखा परीक्षण आयोगको निर्वाचन गरिनेछ । यो आयोग राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्प्रति उत्तरदायी हुनेछ । आयोगका अध्यक्षको मर्यादा पोलिटब्यूरो सदस्य सरह हुनेछ । यस आयोगका पदाधिकारी तथा सदस्यहरू पार्टीका अन्य कमिटी, निकाय र जनसङ्गठनहरूमा सङ्गठित हुने छैनन् । यस आयोगका उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्य सरह हुनेछ ।

ख) यस आयोगका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन्-

१. पार्टी केन्द्रीय कमिटीको आय-व्ययको नियमित अनुगमन र बार्षिक लेखा परीक्षण गर्ने तथा यसका निम्ति आवश्यक नियम बनाउने,

२. आवश्यकताअनुसार लेखा परीक्षक तथा विज्ञहरू नियुक्त गरी सुझावसहितको लेखा परीक्षण प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने,

३. पार्टीका अञ्चल समन्वय कमिटी, जिल्ला कमिटी र जनसङ्गठनहरूका केन्द्रीय निकायको लेखा परीक्षण गर्ने ।

४. आवश्यकताअनुसार पार्टीका स्थानीय कमिटीहरूको आय-व्ययको निरीक्षण तथा छानविन गरी सुझावसहितको प्रतिवेदन केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने,

५. लेखा तथा आर्थिक ब्यवस्थापन सम्बन्धी आवश्यक नीति नियम बनाई कार्यान्वयनका निम्ति केन्द्रीय कमिटीमा पेश गर्ने,

६. आवश्यकतानुसार केन्द्रीय सचिवालयसँग संयोजन गरी लेखा तथा आर्थिक ब्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने,

७. लेखा परीक्षणसम्बन्धी कामको सन्दर्भमा आवश्यकतानुसार विभिन्न कमिटीका बैठक र कार्यक्रमहरूमा उपस्थित हुने,

८. आफ्नो कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यमाथि तोकिए बमोजिम पदमुक्त गर्नेसम्मको अनुशासनात्मक कार्वाही गर्ने र अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने,

९. आफ्ना सम्पूर्ण कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय प्रतिनिधि परिषद् र राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने,

१०. आयोगका अध्यक्षले केन्द्रीय कमिटी र पोलिटव्यूरोका बैठकमा भाग लिने ।

**धारा–१८ केन्द्रीय निर्वाचन आयोग :**

क) पार्टीको विधान महाधिवेशनबाट अध्यक्ष सहित २१ सदस्यीय केन्द्रीय निर्वाचन आयोगको निर्वाचन गरिनेछ । यो आयोग राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय प्रतिनिधि परिषद्प्रति उत्तरदायी हुनेछ । यस आयोगका अध्यक्षको मर्यादा पोलिटब्यूरो सदस्य सरह हुनेछ । यसका उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीका सदस्य सरह हुनेछ । यस आयोगका पदाधिकारी तथा सदस्यहरू पार्टीका अन्य कमिटी, निकाय र जनसङ्गठनहरूमा सङ्गठित हुने छैनन् ।

ख) आयोगका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् -

१. पार्टीको निर्वाचनसम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने गराउने,

२. केन्द्रीय कमिटी र केन्द्रीय आयोगका पदाधिकारी एवम् सदस्यहरू तथा राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरूको निर्वाचन कार्य सम्पादन गर्ने गराउने,

३. जिल्ला कमिटीका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गर्ने गराउने,

४. निर्वाचन क्षेत्रीय कमिटीका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचनको अनुगमन गर्ने र त्यसभन्दा तलका स्थानीय कमिटीका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचनमा नीतिगत मार्गदर्शन गर्ने,

५. आफूले सम्पादन गर्ने निर्वाचन कार्यका लागि सम्बन्धित पार्टी कमिटीको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने,

६. पार्टीका जनसङ्गठनको निर्वाचनको अनुगमन गर्ने,

७. आफ्नो कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यमाथि तोकिएबमोजिम पदमुक्त गर्नेसम्मको अनुशासनात्मक कारवाही गर्ने र अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूको राजीनामा स्वीकृत गर्ने,

८. आफ्ना कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय प्रतिनिधि परिषद् र राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्ने,

१०. आयोगका अध्यक्षले केन्द्रीय कमिटी र पोलिटब्यूरोको बैठकमा भाग लिने ।

**धारा–१९ केन्द्रीय सल्लाहकार परिषद् :**

क) केन्द्रीय कमिटीले विभिन्न विषयमा आवश्यक सल्लाह-सुझाव लिनका निम्ति आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याको ५० प्रतिशत ननाघ्ने गरी एक सल्लाहकार परिषद्को गठन गर्नेछ । यो परिषद् केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ । यसका अध्यक्षको मर्यादा पोलिटव्युरो सदस्य सरह हुनेछ । उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीको सदस्य सरह हुनेछ । यसका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. आफूमध्येबाट अध्यक्ष, उपाध्यक्ष र सचिवको चयन गर्ने, अध्यक्षले पार्टी अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने, अध्यक्षको निर्देशनमा सचिवले बैठक बोलाउने,

२. केन्द्रीय कमिटीलाई आवश्यकताअनुसार विभिन्न विषयमा सल्लाह तथा सुझाव दिने,

३. केन्द्रीय कमिटीले तोकेका अन्य कामहरू गर्ने,

४. अध्यक्षले केन्द्रीय कमिटी र पोलिटब्यूरोको बैठकमा भाग लिने ।

## अध्याय - चार
# पार्टीका स्थानीय निकायहरू

**धारा-२० पार्टीका स्थानीय निकायहरू :**

क) सामान्यतया देशको राजनीतिक र प्रशासनिक विभाजन र नामाकरणअनुरूप पार्टीका स्थानीय कमिटी र निकायको नामाकरण गरिनेछ । पार्टीका स्थानीय निकायको सङ्गठनात्मक ढाँचा देहाय बमोजिम हुनेछ -

१. अञ्चल / विशेष समन्वय कमिटी (राजधानी समन्वय र सम्पर्क समन्वय कमिटी समेत)

२. जिल्ला / विशेष जिल्ला कमिटी,

३. जिल्ला / विशेष जिल्ला प्रतिनिधि परिषद्,

४. निर्वाचन क्षेत्रीय कमिटी / नगर समन्वय कमिटी

५. निर्वाचन क्षेत्रीय प्रतिनिधि परिषद्,

६. इलाका कमिटी / विशेष इलाका कमिटी / नगर कमिटी / विशेष नगर इलाका कमिटी,

७. इलाका/विशेष इलाका/नगर/विशेष नगर इलाका प्रतिनिधि परिषद्,

८. शाखा कमिटी,

९. शाखा प्रतिनिधि परिषद्,

१०. प्रारम्भिक कमिटी,

११. प्रारम्भीक परिषद् ।

ख) उत्तरदायित्व : अञ्चल / विशेष समन्वय कमिटी तथा नगर समन्वय कमिटीबाहेक सबै स्थानीय कमिटीहरू आफ्नो तहको अधिवेशनबाट निर्वाचित हुनेछन् र आफूलाई निर्वाचित गर्ने अधिवेशनका साथै आफूभन्दा माथिल्ला कमिटीप्रति उत्तरदायी हुनेछन् । अञ्चल / विशेष समन्वय कमिटीहरू केन्द्रीय कमिटीप्रति उत्तरदायी हुनेछन् । नगर समन्वय कमिटी जिल्ला कमिटीप्रति उत्तरदायी हुनेछ ।

ग) प्रतिनिधि परिषद् / परिषद् : प्रत्येक कार्यकारी कमिटी रहेका ठाउँमा सोही तहका प्रतिनिधि परिषद् / परिषद् रहने छन् । कार्यकारी कमिटीका पदाधिकारीहरू नै आफ्नो तहको प्रतिनिधि परिषद् / परिषद्का पनि पदाधिकारी हुनेछन् ।

घ) सल्लाहकार परिषद् : स्थानीय कमिटीहरूले आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याको ५० प्रतिशत ननाघ्ने गरी आफ्नो तहको सल्लाहकार परिषद् गठन गरी त्यसका अधिकार र कर्तव्य तोक्नेछन् । सल्लाहकार परिषद्का अध्यक्षले सम्बन्धित कमिटीको बैठकमा भाग लिनेछन् ।

ङ) सचिवालय : सबै स्थानीय कमिटीहरूले आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याको एक तिहाईभन्दा बढी नहुने गरी सचिवालय गठन गर्न र त्यसका काम, कर्तव्य र अधिकार तोक्न सक्नेछन् ।

च) प्रवास क्षेत्रको काम : प्रवास क्षेत्रको काम तोकिए बमोजिम हुनेछ ।

**धारा – २१ अञ्चल / राजधानी समन्वय कमिटी :**

क) सामान्यतया देशका सबै अञ्चलमा अञ्चल समन्वय कमिटी, काठमाण्डौ उपत्यकामा राजधानी समन्वय कमिटी र सम्पर्क समन्वय कमिटी रहनेछन् । यस्ता कमिटीमा देहाय बमोजिम पदेन र मनोनित सदस्यहरू रहनेछन् :

१. केन्द्रीय कमिटीबाट तोकिएका अञ्चल इन्चार्ज, सहइन्चार्ज र जिल्ला इन्चार्जहरू ,

२. सम्बन्धित अञ्चल / राजधानी समन्वय कमिटी अन्तरगतका जिल्ला / राजधानी जिल्ला कमिटीका अध्यक्षहरू,

३. सम्बन्धित अञ्चल / राजधानी समन्वय कमिटीको कार्यक्षेत्रबाट राष्ट्रिय प्रतिनिधि परिषद्मा निर्वाचित तथा मनोनित सदस्यहरू ।

४. उपरोक्त सदस्यहरूको कूल सङ्ख्यामा बढी नहुने गरी सम्बन्धित कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले मनोनित गरेका सदस्यहरू,

ख) अञ्चल / राजधानी समन्वय कमिटीका अधिकार र कर्तव्यहरू देहाय बमोजिम हुनेछन् :

१. आफूमध्येबाट एकजना सचिव निर्वाचित गर्ने,

२. नियमितरूपमा आफ्नो कमिटीको बैठक बस्ने र आफ्नो क्षेत्रको पार्टी कामको संयोजन गर्ने,

३. केन्द्रीय कमिटीका निर्देशन र आफ्नो कमिटीका निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

४. आफ्नो अञ्चलको पार्टी कामको योजना निर्माण गर्ने र समन्वय गर्ने,

५. आफ्नो क्षेत्र अन्तरगतका जिल्ला / विशेष जिल्ला कमिटीहरू, ती कमिटीका पदाधिकारी तथा सदस्यहरू र सो मातहतका कमिटीहरूको कामको समन्वय, सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने तथा आवश्यक निर्देशन गर्ने,

६. आफ्नो तहमा विभाग र आवश्यकताअनुसार पार्टी संयन्त्र एवम् कार्यदलहरू गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,

७. पार्टी सदस्यता प्रदान गर्ने जिल्ला कमिटीको निर्णय अनुमोदन गर्ने र अभिलेख केन्द्रीय सङ्गठन विभागमा पठाउने ।

८. जिल्ला कमिटीलाई लेवी तोक्ने र स्रोत परिचालन तथा कोष निर्माण गर्ने,

९. आफ्नो कमिटीका सदस्यहरूबीच कार्यविभाजन र कार्यक्षेत्र अन्तरगत कार्यकर्ताहरूको स्थानान्तरण गर्ने,

१०. अनुशासनात्मक कारवाहीमा परी कमिटी विघटन भएको वा विधानले निर्धारण गरेको अवधि समाप्त भएको अवस्थामा जिल्ला सङ्गठन कमिटी निर्माण गर्नको लागि केन्द्रीय कमिटी समक्ष सिफारिस गर्ने र केन्द्रीय कमिटीबाट स्वीकृत भएपश्चात् कार्यान्वयन गर्ने,

११. आफ्ना कामहरूको प्रतिवेदन नियमित रूपमा केन्द्रीय कमिटीमा पठाउने,

१२. पार्टी प्रकाशनहरूको बिक्री-वितरण गर्ने,

१३. कमिटी र सदस्यहरूको क्षमता वृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने,

१४. माथिल्लो कमिटीमा नियमितरूपमा सदस्यता शुल्क र लेवी पठाउने,

१५. आफ्नो कमिटीका सदस्य र सल्लाहकार परिषद्का सदस्यको राजीनामा स्वीकृत गर्ने, अनुशासनात्मक कारबाही गर्ने र अनुमोदनका लागि माथिल्लो कमिटीमा पठाउने,

१६. इन्चार्जको निर्देशनमा सचिवले बैठक बोलाउने र इन्चार्जले बैठकको अध्यक्षता गर्ने ।

१७. आफ्नो कार्यक्षेत्रको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन,

सुपरीवेक्षण तथा संयोजन गर्ने। यस प्रयोजनका लागि मातहतको पार्टीपङ्क्ति परिचालित गर्ने।

१८. तोकिए बमोजिमका अन्य कामहरू गर्ने।

**धारा–२२ सम्पर्क समन्वय कमिटी :**

क) विभिन्न जिल्लाबाट काठमाडौं उपत्यकामा आई अस्थायी बसोबास गर्ने पार्टी सदस्यहरू मध्येबाट अञ्चल समन्वय कमिटी स्तरको सम्पर्क समन्वय कमिटी गठन गरिनेछ। सम्पर्क समन्वय कमिटीमा देहाय बमोजिमका व्यक्तिहरू रहने छन् -

१. केन्द्रीय कमिटीबाट इन्चार्ज, सह-इन्चार्ज र सदस्यहरू,

२. अञ्चल सम्पर्क कमिटीका अध्यक्षहरू,

३. सम्पर्क समन्वय कमिटी अन्तगतका निर्वाचित तथा मनोनित राष्ट्रिय प्रतिनिधि परिषदसदस्यहरू,

४. उपरोक्त सदस्यहरूको कूल सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सम्पर्क विशेष समन्वय कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले मनोनित गरेका सदस्यहरू।

ख) सम्पर्क समन्वय कमिटीका अधिकार र कर्तव्यहरू देहाय बमोजिम हुनेछन् -

१. आफू मध्येबाट एकजना सचिव निर्वाचित गर्ने,

२. नियमित रूपमा बैठक गर्ने, कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

३. आफ्नो कमिटीका सदस्यहरूको कार्यविभाजन गर्ने,

४. आफ्नो क्षेत्र अन्तरगतका कार्यकर्ताको स्थानान्तरण गर्ने,

५. मातहतको पार्टी काममा नेतृत्व प्रदान गर्ने, अनुगमन-सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने,

६. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

७. आफ्ना कामहरूको प्रतिवेदन नियमित रूपमा केन्द्रीय कमिटीमा पठाउने,

८. पार्टी प्रकाशनहरूको बिक्री-वितरण गर्ने,

९. कमिटी र सदस्यहरूको क्षमता वृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने,

१०. अनुशासनात्मक कारबाहीमा परी कमिटी विघटन भएको वा विधानले निर्धारण गरेको अवधि समाप्त भएको अवस्थामा अञ्चल सम्पर्क सङ्गठन कमिटी निर्माण गर्नको लागि केन्द्रीय कमिटी समक्ष सिफारिस गर्ने र केन्द्रीय कमिटीबाट स्वीकृत भएपश्चात् कार्यान्वयन गर्ने,

११. सदस्यता शुल्क र लेवी सङ्कलन तथा स्रोत परिचालन र कोष सञ्चालन गर्ने,

१२. माथिल्लो कमिटीमा नियमित रूपमा सदस्यता शुल्क र लेवी पठाउने,

१३. पार्टी सदस्यता प्रदान गर्ने अञ्चल सम्पर्क कमिटीको निर्णय अनुमोदन गर्ने र केन्द्रीय सङ्गठन विभागमा अभिलेख पठाउने ।

१४. आफ्नो कमिटी र सल्लाहकार परिषद्का सदस्यको राजीनामा स्वीकृत गर्ने, अनुशासनात्मक कारबाही गर्ने र अनुमोदनको लागि केन्द्रीय कमिटीमा पठाउने,

१५. इन्चार्जको निर्देशनमा सचिवले बैठक बोलाउने र इन्चार्जले बैठकको अध्यक्षता गर्ने,

१६. आफ्नो कार्यक्षेत्रको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन, सुपरीवेक्षण तथा संयोजन गर्ने। यस प्रयोजनका लागि मातहतको पार्टी पङ्क्ति परिचालित गर्ने ।

१७. तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

ग) सम्पर्क समन्वय कमिटी अन्तरगत अञ्चल तहमा अधिवेशनबाट निर्वाचित अञ्चल सम्पर्क कमिटी गठन हुनेछन् । जिल्ला तथा निर्वाचन क्षेत्र लगायत विभिन्न तहमा आवश्यकता अनुसार सम्पर्क मञ्चहरू गठन हुनेछन् । सम्पर्क मञ्चहरूमा पार्टीका सदस्य र समर्थकहरू रहन सक्नेछन् । सम्पर्क कमिटी र मञ्चहरूका बारेमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । अञ्चल सम्पर्क कमिटीका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् -

१. आफ्नो कमिटीका सदस्यहरूको कार्य विभाजन गर्ने,

२. नियमित रूपमा बैठक गर्ने, कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

३. मातहतको पार्टी काममा नेतृत्व प्रदान गर्ने, अनुगमन-सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन गर्ने,

४. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

५. आफूले गरेका आवश्यक निर्णयहरूको माथिल्लो कमिटीबाट अनुमोदन गराउने र आफ्ना कामहरूको प्रतिवेदन नियमित रूपमा माथिल्लो कमिटीमा पठाउने,

६. पार्टी प्रकाशनहरूको बिक्री-वितरण गर्ने,

७. कमिटी र सदस्यहरूको क्षमता बृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने,

८. सदस्यता शुल्क र लेवी संकलन तथा स्रोत परिचालन र कोष सञ्चालन गर्ने,

९. माथिल्लो कमिटीबाट तोकिए बमोजिम नियमित रूपमा सदस्यता शुल्क र लेवी पठाउने,

१०. आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

११. आफ्नो कमिटीका सदस्य र सल्लाहकार परिषद्का सदस्यको राजीनामा स्वीकृत गर्ने, अनुशासनको कारवाही गर्ने र अनुमोदनका लागि सम्पर्क समन्वय कमिटीमा पठाउने,

१२. तोकिए बमोजिम सम्पर्क मञ्चहरू गठन गरी सञ्चालन गर्ने,

१३. पार्टी सदस्यता प्रदान गर्ने निर्णय गरी अनुमोदनको लागि सम्पर्क समन्वय कमिटी समक्ष पठाउने । त्यस्तो निर्णय गर्नु अगाडि सम्बन्धित व्यक्तिको बारेमा पार्टीको सम्बन्धित जिल्ला कमिटीसँग परामर्श लिने ,

१४. तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

**धारा-२३ जिल्ला कमिटी :**

प्रत्येक जिल्लामा एक जिल्ला कमिटी रहनेछ । यसमा जिल्ला अधिवेशनबाट निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, उप-सचिव र तोकिए बमोजिमका पूर्ण र वैकल्पिक सदस्य रहनेछन् । जिल्ला कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. तोकिएको समयमा नियमित रूपमा बैठक गर्ने, कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

२. आफ्नो कमिटीका सदस्यहरूको कार्य विभाजन गर्ने,

३. आफ्नो तहमा विभाग र आवश्यकताअनुसार पार्टी संयन्त्र एवम् कार्यदलहरू गठन गर्ने,

४. आफ्नो मातहतको निर्वाचन क्षेत्र/इलाका/नगरस्तरमा अनुशासनात्मक कारवाहीमा परी कमिटी विघटन भएको वा विधानले निर्धारण गरेको अवधि समाप्त भएको वा नयाँ ठाउँमा कमिटी निर्माण गर्नुपरेको अवस्थामा अञ्चल समन्वय कमिटीको अनुमोदनमा सङ्गठन कमिटी निर्माण गर्ने,

५. आवश्यकता अनुसार सङ्क्रमणकालिन कमिटी निर्माण गर्ने,

६. आफ्नो क्षेत्र अन्तरगतका कार्यकर्ताको स्थानान्तरण गर्ने,

७. मातहतको पार्टी काममा नेतृत्व प्रदान गर्ने, अनुगमन- सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने,

८. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

९. आफूले गरेका आवश्यक निर्णयहरू माथिल्लो कमिटीबाट अनुमोदन गराउने र आफ्ना कामहरूको प्रतिवेदन नियमित रूपमा माथिल्लो कमिटीमा पठाउने,

१०. आफ्नो तहमा पार्टी प्रकाशन गर्ने र पार्टी प्रकाशनहरूको बिक्री-वितरण गर्ने,

११. कमिटी र सदस्यहरूको क्षमता वृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने,

१२. सदस्यता शुल्क र लेवी सङ्कलन तथा स्रोत परिचालन र कोष सञ्चालन गर्ने,

१३. माथिल्लो कमिटीबाट तोकिए बमोजिम नियमित रूपमा सदस्यता शुल्क र लेवी पठाउने,

१४. धारा - ४ ख. को योग्यता र धारा - ५ को प्रक्रिया पूरा गरेका आवेदकलाई परीक्षणकालीन पार्टी सदस्यता प्रदान गर्ने तथा धारा - ६ को परीक्षणकाल र दायित्व पूरा गरेका व्यक्तिलाई पार्टी सदस्यता प्रदान गरी अनुमोदनका लागि अञ्चल समन्वय कमिटीमा पठाउने ।

१५. आफ्नो तहको अधिवेशनको आयोजना गर्ने,

१६. आफ्नो तहका जनसङ्गठनहरूको निर्माण र परिचालनमा नेतृत्व प्रदान गर्ने,

१७. जिल्ला कमिटीका सदस्य र पदाधिकारी, जिल्ला सल्लाहकार परिषद्का सदस्य र पदाधिकारी तथा जिल्ला प्रतिनिधि परिषद्का सदस्यहरूको राजीनामा स्वीकृत गर्ने, अनुशासनात्मक कारवाही गर्ने र अनुमोदनको लागि माथिल्लो कमिटीमा पठाउने,

१८. जिल्ला प्रतिनिधि परिषद् बैठकका निर्णय, निर्देशन र राय-सुझावहरू कार्यान्वयन गर्ने,

१९. स्थानीय निकायका पार्टी प्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने, प्रशिक्षण दिने र स्थानीय निकायहरूलाई जनताको हितमा परिचालित गर्ने,

२०. एकभन्दा बढी निर्वाचन क्षेत्रमा विभाजित नगरको पार्टी कामलाई समन्वय र संयोजन गर्न आवश्यकताअनुसार नगर समन्वय कमिटी गठन गर्ने ।

२१. आफ्नो कार्यक्षेत्रको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन, सुपरीवेक्षण तथा संयोजन गर्ने । यस प्रयोजनका लागि मातहतको पार्टीपङ्क्ति परिचालित गर्ने ।

२२. तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

**धारा–२४ विशेष जिल्ला कमिटी :**

क) राजधानी समन्वय कमिटीको मातहतमा काठमाडौं उपत्यका स्तरीय मजदूर, विद्यार्थी र पेशागत जिल्ला कमिटी गठन गरिनेछ ।

ख) विशेष जिल्ला कमिटी गठन सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

ग) धारा - २३ मा उल्लेखित जिल्ला कमिटीका अधिकार र कर्तव्यहरू नै विशेष जिल्ला कमिटीका पनि अधिकार र कर्तव्य हुनेछन् ।

**धारा–२५ जिल्ला प्रतिनिधि परिषद् :**

क) सबै जिल्ला कमिटीको क्षेत्रमा जिल्ला प्रतिनिधि परिषद् रहनेछन् । त्यसमा देहाय बमोजिम पदेन र मनोनित सदस्यहरू रहनेछन् :

१. जिल्ला कमिटीका पदाधिकारी तथा सदस्यहरू,

२. जिल्ला सल्लाहकार परिषदका पदाधिकारी तथा सदस्यहरू,

३. जिल्लास्तरीय विभागका पदाधिकारी तथा सदस्यहरू,

४. निर्वाचन क्षेत्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरू,

५. इलाका/नगर स्तरीय कमिटीका पदाधिकारीहरू,

६. गाउँ/शाखा कमिटीका अध्यक्षहरू,

७. पार्टीको जनसङ्गठनमा पार्टीमा सदस्य रहेका जिल्ला अध्यक्षहरू,

८. उपरोक्त सदस्यको कूल सङ्ख्याको ५ प्रतिशतमा नबढ्ने गरी जिल्ला कमिटीले मनोनित गर्ने सदस्यहरू ।

ख) जिल्ला प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य :

१. जिल्ला कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक तथा सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

२. जिल्ला कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने,

३. जिल्ला कमिटीको योजना निर्माण गर्न राय सुझाव दिने,

४. जिल्ला कमिटीको बार्षिक लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी राय पेश गर्ने ।

**धारा–२६ निर्वाचन क्षेत्रीय कमिटी :**

क) एकभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा अधिवेशनद्वारा निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव र तोकिए बमोजिमका पूर्ण र वैकल्पिक सदस्यहरू रहेको निर्वाचन क्षेत्रीय कमिटी गठन हुनेछ । एउटा नगरपालिका मात्रले बनेको निर्वाचन क्षेत्रमा पनि निर्वाचन क्षेत्रीय कमिटी गठन हुनेछ । यस कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् -

१. आफ्नो कमिटीका सदस्यहरूको कार्य विभाजन गर्ने,

२. नियमित रूपमा बैठक गर्ने, कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

३. आफ्नो मातहतको क्षेत्रमा अनुशासनात्मक कारवाहीमा परी कमिटी विघटन भएको वा विधानले निर्धारण गरेको अवधि समाप्त भएको वा नयाँ ठाउँमा कमिटी निर्माण गर्नुपरेको अवस्थामा जिल्ला कमिटीको अनुमोदनमा सङ्गठन कमिटी निर्माण गर्ने,

४. आवश्यकता अनुसार सङ्क्रमणकालिन कमिटी निर्माण गर्ने,

५. आफ्नो क्षेत्र अन्तरगतका कार्यकर्ताको स्थानान्तरण गर्ने,

६. मातहतको पार्टी काममा नेतृत्व प्रदान गर्ने, अनुगमन-सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने,

७. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने र गराउने,

८. आफूले गरेका आवश्यक निर्णयहरूको माथिल्लो कमिटीबाट अनुमोदन गराउने र आफ्ना कामहरूको प्रतिवेदन नियमित रूपमा माथिल्लो कमिटीमा पठाउने,

९. पार्टी प्रकाशनहरूको बिक्री-वितरण गर्ने,

१०. कमिटी र सदस्यहरूको क्षमता वृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने,

११. सदस्यता शुल्क र लेवी सङ्कलन तथा स्रोत परिचालन र कोष सञ्चालन गर्ने,

१२. आफ्नो कार्यक्षेत्रमा नयाँ पार्टी सदस्यता प्रदान गर्न र सदस्यता नविकरणका लागि जिल्ला कमिटीमा सिफारिस गर्ने ।

१३. माथिल्लो कमिटीबाट तोकिए बमोजिम नियमित रूपमा सदस्यता शुल्क र लेवी पठाउने,

१४. पार्टीको आर्थिक नियमावलीअनुरूप आफ्नो आय-व्ययको व्यवस्थित अभिलेख राख्ने र बार्षिक लेखा परीक्षण गराई क्षेत्रीय प्रतिनिधि परिषद्मा प्रस्तुत गर्ने,

१५. आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

१६. आफ्नो तहका जनसङ्गठनहरू निर्माण र परिचालनमा नेतृत्व प्रदान गर्ने,

१७. आफ्नो कमिटीका र सल्लाहकार परिषद्का सदस्य र पदाधिकारीहरूको राजीनामा स्वीकृत तथा अनुशासनात्मक कारवाही गर्ने र अनुमोदनका लागि माथिल्लो कमिटीमा पठाउने,

१८. स्थानीय निकायहरूलाई जनताको हितमा परिचालित गर्ने तथा स्थानीय निकायका पार्टी प्रतिनिधिहरू लाई प्रशिक्षण गर्ने,

१९. पार्टीको नीति निर्णयअनुरूप निर्वाचन क्षेत्रको पार्टी काममा संयोजन गर्ने,

२०. आफ्नो कार्यक्षेत्रको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन, सुपरीवेक्षण तथा संयोजन गर्ने। यस प्रयोजनका लागि मातहतको पार्टी पङ्क्ति परिचालित गर्ने।

२१. तोकिए बमोजिमका अन्य कामहरू गर्ने।

**धारा–२७ निर्वाचन क्षेत्रीय प्रतिनिधि परिषद्:**

क) देहाय बमोजिमका सदस्यहरू रहेको निर्वाचन क्षेत्रीय प्रतिनिधि परिषद् रहनेछ -

१. निर्वाचन क्षेत्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरू,

२. निर्वाचन क्षेत्रीय सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यहरू,

३. निर्वाचन क्षेत्रीय विभागका पदाधिकारी तथा सदस्यहरू,

४. इलाका/नगर कमिटीका पदाधिकारी तथा सदस्यहरू,

३. शाखा कमिटीका पदाधिकारीहरू,

५. प्रारम्भिक कमिटीका अध्यक्षहरू,

६. पार्टीको जनसङ्गठनमा पार्टी सदस्य रहेका निर्वाचन क्षेत्र स्तरका अध्यक्षहरू ।

ख) निर्वाचन क्षेत्रीय प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् -

१. निर्वाचन क्षेत्रीय कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक तथा सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

२. निर्वाचन क्षेत्रीय कमिटीको आर्थिक तथा लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी राय सुझाव दिने,

३. निर्वाचन क्षेत्रीय कमिटीका समग्र कामको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

**धारा–२८ इलाका वा सो सरहका कमिटी :**

क) तोकिएको क्षेत्रमा काम गर्ने गरी देहाय बमोजिम विशेष नगर समन्वय कमिटी र इलाका कमिटी / विशेष इलाका कमिटी / नगर कमिटी / विशेष नगर इलाका कमिटीहरू गठन हुनेछन् ।

१. एउटामात्र निर्वाचन क्षेत्रमा रहेको नगरमा सो स्तरको अधिवेशनबाट निर्वाचित नगर कमिटी हुनेछ ।

२. एकभन्दा बढी निर्वाचन क्षेत्रमा विभाजित नगरमा विशेष नगर समन्वय कमिटी गठन गरिनेछ । विशेष नगर समन्वय कमिटीमा जिल्ला कमिटीले तोकेका जिल्ला कमिटी सदस्य तथा अन्य सदस्य र सम्बन्धित नगर क्षेत्रभित्र बनेका विशेष नगर इलाका कमिटीका अध्यक्षहरू रहनेछन् । विशेष नगर समन्वय कमिटीले सम्बन्धित नगरको विकास-निर्माणका काममा समन्वय गर्ने, नगरको पार्टी काममा सहयोग पुऱ्याउने र नगरपालिकामा रहेका पार्टी प्रतिनिधिहरूलाई परिचालित गर्नेछ ।

३. विभिन्न निर्वाचन क्षेत्रमा विभाजित नगर अन्तरगतका विभिन्न वडाहरूलाई समेटेर अधिवेशनबाट विशेष नगर

इलाका कमिटी गठन गरिनेछ । त्यसरी बन्ने इलाका कमिटी सम्बन्धित निर्वाचन क्षेत्र अन्तरगत रहनेछन् ।

४. निर्वाचन क्षेत्रीय कमिटीले आवश्यकता महसुस गरेमा जिल्ला कमिटीको स्वीकृतिमा अधिवेशनद्वारा इलाका कमिटीहरू गठन गर्न सक्नेछ ।

५. एकमात्र निर्वाचन क्षेत्र भएका जिल्लामा अधिवेशनबाट इलाका कमिटीहरू गठन हुनेछन् ।

६. विशेष जिल्ला भित्रका सबै क्षेत्रमा सो स्तरको अधिवेशनबाट निर्वाचित विशेष इलाका कमिटी बन्नेछन् ।

७. माथिल्लो कमिटीको स्वीकृति लिएर भूगोलका जिल्ला कमिटी वा निर्वाचन क्षेत्रीय कमिटीको मातहतमा विशेष इलाका कमिटी गठन गर्न सकिनेछ ।

ख) इलाका कमिटी, नगर कमिटी र विशेष इलाका कमिटीको कार्य क्षेत्रभित्र न्यूनतम ३ वटा शाखा स्तरका कमिटी वा त्यस्ता कमिटी बन्न सक्ने आधार हुनु पर्नेछ ।

ग) इलाका वा सो सरहको कमिटीको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. आफ्नो कमिटीका सदस्यहरूको कार्य विभाजन गर्ने,

२. नियमित रूपमा बैठक गर्ने, कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

३. मातहतको पार्टी काममा नेतृत्व प्रदान गर्ने, अनुगमन-सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने,

४. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने र गराउने,

५. आफूले गरेका आवश्यक निर्णयहमाथिल्लो कमिटीबाट अनुमोदन गराउने र आफ्ना कामहरूको प्रतिवेदन नियमित रूपमा माथिल्लो कमिटीमा पठाउने,

६. पार्टी प्रकाशनहरूको बिक्री-वितरण गर्ने,

७. कमिटी र सदस्यहरूको क्षमता वृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने,

८. सदस्यता शुल्क र लेवी सङ्कलन तथा स्रोत परिचालन र कोष सञ्चालन गर्ने,

९. आफ्नो कार्यक्षेत्रका सदस्यको सदस्यता नवीकरण गरी माथिल्ला कमिटीमा पठाउने ।

१०. माथिल्लो कमिटीबाट तोकिए बमोजिम नियमित रूपमा सदस्यता शुल्क र लेवी पठाउने,

११. पार्टीको आर्थिक नियमावली अनुरूप आफ्नो आय-व्ययको व्यवस्थित अभिलेख राख्ने र बार्षिक लेखा परीक्षण गराउने,

१२. आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

१३. आफ्नो कमिटीका पदाधिकारी तथा सदस्य र आफ्नो तहको सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यको राजीनामा स्वीकृत गर्ने र अनुशासनको कारवाही गर्ने,

१४. स्थानीय निकायहरूलाई जनताको हितमा परिचालित गर्ने तथा स्थानीय निकायका पार्टी प्रतिनिधिहरू लाई प्रशिक्षण गर्ने,

१५. पार्टी सदस्यता प्रदान गर्न र नवीकरणको लागि माथिल्लो कमिटीमा सिफारिस पठाउने ।

१६. आफ्नो कार्यक्षेत्रको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन, सुपरीवेक्षण तथा संयोजन गर्ने । यस प्रयोजनका लागि मातहतको पार्टी पङ्क्ति परिचालित गर्ने ।

१७. तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

**धारा–२९ इलाका प्रतिनिधि परिषद् :**

क) देहाय बमोजिमका सदस्य रहने गरी इलाका प्रतिनिधि परिषद् रहने छ -

१. इलाका कमिटीका पदाधिकारी तथा सदस्यहरू,

२. इलाकास्तरका सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यहरू,

३. इलाकास्तरीय विभागका पदाधिकारी तथा सदस्यहरू,

४. इलाकाभित्रका शाखा कमिटीका पदाधिकारी तथा सदस्यहरू,

५. इलाकाभित्रका प्रारम्भिक कमिटीका अध्यक्षहरू

६. पार्टीको जनसङ्गठनमा पार्टी सदस्य रहेका इलाका स्तरका अध्यक्षहरू ।

ख) इलाका प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् -

१. इलाका कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक तथा साङ्गठनिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने र आर्थिक प्रतिवेदनमाथि छलफल गरी राय-सुझाव पेश गर्ने,

२. इलाका कमिटीका समग्र कामको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

**धारा–३० शाखा वा सो सरहको कमिटी :**

क) माथिल्लो कमिटीले तोकेको क्षेत्रमा काम गर्ने गरी अधिवेशनद्वारा निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, उप-सचिव र तोकिएबमोजिमका पूर्ण र वैकल्पिक सदस्यहरू रहेको शाखा कमिटी हुनेछ । देहाय बमोजिमका क्षेत्रहरू मा कमिटीको नामाकरण देहाय बमोजिम गरिनेछ -

१. गाविसहरूमा यसलाई गाउँ कमिटी भनिनेछ,

२. नगरपालिकाका वडाहरूमा यसलाई वडा कमिटी भनिनेछ,

३. धारा २९ को उपधारा (१) र (२) का क्षेत्रहरूमा बाहेक अन्य सबै क्षेत्रमा शाखा कमिटी भनिने छ ।

ख) शाखा कमिटीको मातहतमा न्यूनतम ३ वटा प्रारम्भिक तहका कमिटी वा तिनीहरू बन्ने आधार हुनुपर्नेछ ।

ग) यस कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन्

१. आफ्नो कमिटीका सदस्यहरूको कार्य विभाजन गर्ने,

२. नियमित रूपमा बैठक गर्ने, कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

३. मातहतको पार्टी काममा नेतृत्व प्रदान गर्ने, अनुगमन, सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन गर्ने,

४. माथिल्लो कमिटीका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने र गराउने,

५. पार्टी सदस्यता प्राप्त गर्न चाहने योग्यता पुगेका व्यक्तिको आवेदन लिने र आवश्यक छानविन गरी इलाका कमिटी वा निर्वाचन क्षेत्रीय कमिटीमा सिफारिस गर्ने ।

६. आफूले गरेका आवश्यक निर्णयहरूको माथिल्लो कमिटीबाट अनुमोदन गराउने र आफ्ना कामहरूको प्रतिवेदन नियमित रूपमा माथिल्लो कमिटीमा पठाउने,

७. पार्टी प्रकाशनहरूको बिक्री-वितरण गर्ने,

८. कमिटी र सदस्यहरूको क्षमता वृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने,

९. सदस्यता शुल्क र लेवी सङ्कलन तथा स्रोत परिचालन र कोष सञ्चालन गर्ने,

१०. माथिल्लो कमिटीबाट तोकिए बमोजिम नियमित रूपमा सदस्यता शुल्क र लेवी पठाउने,

११. आफ्नो कार्यक्षेत्रका पार्टी सदस्यहरूको पार्टी सदस्यता नविकरण गरी माथिल्लो कमिटीमा पठाउने ।

१२. पार्टीको आर्थिक नियमावलीअनुरूप आफ्नो आय-व्ययको व्यवस्थित अभिलेख राख्ने र बार्षिक लेखा परीक्षण गराउने ।

१३. आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

१४. आफ्नो कमिटी र सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यहरूको राजीनामा स्वीकृत गर्ने, अनुशासनको कारबाही गर्ने र अनुमोदनका लागि माथिल्लो कमिटीमा पठाउने,

१५. स्थानीय निकायहरूलाई जनताको हितमा परिचालित गर्ने तथा स्थानीय निकायका पार्टी प्रतिनिधिहरू लाई प्रशिक्षण गर्ने,

१६. आफ्नो कार्यक्षेत्रको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन, सुपरीवेक्षण तथा संयोजन गर्ने । यस प्रयोजनका लागि मातहतको पार्टी पङ्क्ति परिचालित गर्ने ।

१७. तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

**धारा-३१ शाखा प्रतिनिधि परिषद् :**

क) देहाय बमोजिमका सदस्य रहने गरी शाखा प्रतिनिधि परिषद् रहनेछ-

१. शाखा कमिटीका पदाधिकारी तथा सदस्यहरू,

२. शाखास्तरको सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यहरू,

३. शाखा अन्तरगतका प्रारम्भिक कमिटीका सदस्यहरू,

४. पार्टीका जनसङ्गठनमा पार्टी सदस्य रहेका शाखा स्तरका अध्यक्षहरू ।

ख) शाखा प्रतिनिधि परिषद्का काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् -

1. शाखा कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक तथा सङ्गठनात्मक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने र आर्थिक प्रतिवेदनमाथि छलफल गरी राय-सुझाव पेश गर्ने,
2. शाखा कमिटीका समग्र कामको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

**धारा-३२ प्रारम्भिक वा सो सरहको कमिटी :**

क) माथिल्लो कमिटीले तोकेको क्षेत्रमा अधिवेशनद्वारा निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, उप-सचिव र तोकिए बमोजिमका पूर्ण र वैकल्पिक सदस्यहरू रहेको प्रारम्भिक कमिटी हुनेछ । देहायका क्षेत्रमा यसको नामाकरण देहाय वमोजिम गरिनेछ ।

१. गाउँ विकास समितिका वडाहरूमा यसलाई वडा कमिटी भनिनेछ,

२. नगरपालिकाहरूका टोलहरू मा यसलाई टोल कमिटी भनिनेछ,

३. धारा ३२ को उपधारा (१) र (२) मा उल्लेखित क्षेत्रबाहेक अन्य क्षेत्रमा यसलाई प्रारम्भिक कमिटी भनिनेछ ।

ख) प्रारम्भिक कमिटीका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :

१. नियमित रूपमा बैठक गर्ने,

२. जनतामा पार्टी नीति र निर्णयहरूको प्रचार गर्ने,

३. सदस्यता शुल्क र लेवी उठाई माथिल्लो कमिटीमा पठाउने,

४. पार्टीका दस्तावेजहरू अध्ययन गर्ने,

५. पार्टी प्रकाशनको विक्री वितरण गर्ने,

६. माथिल्लो कमिटीका निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने ।

७. आफ्नो कार्यक्षेत्रको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन, सुपरीवेक्षण तथा संयोजन गर्ने। यस प्रयोजनका लागि मातहतको पार्टी पङ्क्ति परिचालित गर्ने ।

८. तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

**धारा–३३ प्रारम्भिक परिषद् :**

क) प्रारम्भिक परिषद्मा देहायबमोजिमका सदस्यहरू रहनेछन् -

१. प्रारम्भिक कमिटीका पदाधिकारी तथा सदस्यहरू,

२. प्रारम्भिक सल्लाहकार परिषदका पदाधिकारी तथा सदस्यहरू,

३. पार्टीको जनसङ्गठनमा पार्टी सदस्य रहेका प्रारम्भिक स्तरका अध्यक्षहरू,

४. प्रारम्भिक कमिटी मातहतका पार्टी सदस्यहरू ।

ख) प्रारम्भिक परिषदका काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन् -

१. प्रारम्भिक कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक तथा सङ्गठनात्मक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

२. प्रारम्भिक कमिटीका समग्र कामहरूको मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

**धारा–३४ सङ्गठन कमिटी :**

क) निर्वाचित कमिटी नभएको ठाउँमा र निर्वाचित कमिटीको अवधि समाप्त भएको अवस्थामा माथिल्लो कमिटीको मनोनयनद्वारा सङ्गठन कमिटी निर्माण गरिनेछ र त्यस्तो निर्णय एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन हुनेछ । विशेष अवस्थामा केन्द्रीय कमिटीले विशेष निर्णय गरेर आफ्नो मातहतको कुनैपनि तहमा सङ्गठन कमिटी निर्माण गर्न सक्नेछ । सङ्गठन कमिटीको मुख्य काम आफ्नो तहको अधिवेशन सम्पन्न गराउनु हुनेछ ।

अधिवेशन सम्पन्न नहुँदासम्म निर्वाचित कमिटीका अधिकारहरू प्रयोग गरी यसले काम गर्नेछ। सङ्गठन कमिटीको अधिकतम अवधि ६ महिनाको हुनेछ। आवश्यकता परेमा माथिल्लो कमिटीले बढीमा ६ महिनाको अवधि थप्न सक्नेछ।

**धारा–३५ सङ्क्रमणकालीन पार्टी सङ्गठन** :

क) पार्टी कमिटी वा सङ्गठन कमिटी निर्माण गर्न तोकिए बमोजिमको मापदण्ड पूरा नभएको अवस्थामा माथिल्लो कमिटीको मनोनयनद्वारा वा माथिल्लो कमिटीको योजनामा गरिएको भेलाद्वारा पार्टी सक्रिय दल वा सक्रिय दल जस्ता सङ्क्रमणकालीन सङ्गठन निर्माण गरिनेछ। यस्ता सङ्गठनहरूमा पार्टी सदस्य र समर्थकहरू रहन सक्नेछन्। यसका अधिकार र कर्तव्यहरू तोकिए बमोजिम हुनेछन्।

**धारा–३६ स्थानीय कमिटीका पदाधिकारीहरूको अधिकार र कर्तव्य** :

क) अध्यक्ष - कमिटीलाई नेतृत्व गर्ने, कमिटीको बैठकमा आफैले र आफ्नो तहको अधिवेशन तथा प्रतिनिधि परिषद्को बैठकमा कमिटीको तर्फबाट प्रतिवेदन पेश गर्ने, अधिवेशन र कमिटीका निर्णय कार्यान्वयन गर्ने/गराउने, कमिटीका समग्र कामको अनुगमन गर्ने, आफ्नो कमिटी र आफ्नो तहको प्रतिनिधि परिषद् बैठकको अध्यक्षता गर्ने, आय-व्ययको लेखा राख्न लगाउने, कमिटीले तोकेका अन्य कामहरू गर्ने।

ख) उपाध्यक्ष - अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कामहरू गर्ने र कमिटीले तोकेका अन्य कामहरू गर्ने।

ग) सचिव - अध्यक्षको परामर्शमा आफ्नो कमिटी र प्रतिनिधि परिषद्को बैठक बोलाउने र सञ्चालन गर्ने, कमिटीको कार्ययोजना बनाई बैठकमा प्रस्तुत गर्ने, कमिटीको साङ्गठनिक कामको अनुगमन गर्ने, कमिटीको बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने र आफ्नो तहको प्रतिनिधि परिषदको बैठक तथा अधिवेशनमा कमिटीको तर्फबाट सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने, कमिटीको

कार्यालय सचालन गर्ने, साङ्गठनिक अभिलेख राख्न लगाउने, कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

घ) उपसचिव - सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै कामहरू गर्ने र कमिटीले तोकेका अन्य कामहरू गर्ने ।

**धारा–३७ जिम्मेवारी पालना र मूल्याङ्कन :**

क) प्रत्येक पार्टी सदस्यले पार्टीले तोकेको जिम्मेबारी पूरा गर्नु पर्नेछ ।

ख) प्रत्येक तहका कमिटीले आफ्ना सदस्यहरूका लागि स्पष्ट जिम्मेवारी किटान गर्नु पर्नेछ ।

ग) प्रत्येक कमिटीले आफ्नो कमिटीका पदाधिकारी र सदस्य तथा आफ्नो मातहतका कमिटीको कामको मूल्याङ्कन तोकिए बमोजिम गर्नेछन् ।

घ) पार्टी केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरू, अञ्चल सचिव, जिल्ला कमिटीका अध्यक्ष र सचिवले आफ्नो सम्पूर्ण समय पार्टी तथा सम्बन्धित जनसङ्गठनको काममा लगाउनु पर्नेछ ।

**धारा–३८ उम्मेद्वारीको मापदण्ड :**

क) राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिनका लागि कम्तिमा १० वर्ष पार्टी सदस्य भएर काम गरेको हुनु पर्नेछ। तर महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिले भने ७ वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्नेछ ।

ख) केन्द्रीय पदाधिकारी तथा स्थायी कमिटी सदस्यका लागि उम्मेदवार हुन केन्द्रीय कमिटीको पूर्ण सदस्य भई एक कार्यकाल पूरा गरेको हुनुपर्नेछ। पोलिटव्युरो सदस्यका लागि उम्मेदवार हुन केन्द्रीय कमिटीमा एक कार्यकाल पूरा गरेको हुनुपर्नेछ ।

ग) केन्द्रीय कमिटी सदस्यको उम्मेदवार हुनका लागि कम्तिमा १५ वर्ष पार्टी सदस्य भई काम गरेको र देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ,

१. केन्द्रीय कमिटी वा केन्द्रीय निकायको सदस्य भई काम गरेको वा,

२. राष्ट्रिय प्रतिनिधि परिषद्को सदस्य भई एक कार्यकाल काम गरिसकेको वा,

३. अञ्चल कमिटीको सचिव वा केन्द्रीय विभागको सचिव भई एक कार्यकाल काम गरेको वा,

४. जिल्ला कमिटीको अध्यक्ष भई एक कार्यकाल काम गरेको वा कम्तीमा दुई कार्यकाल जिल्ला कमिटीको सदस्य भई काम गरेको हुनुपर्नेछ ।

५. तर महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने एक कार्यकाल जिल्ला कमिटीको सदस्य भई काम गरेको र १० वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्नेछ ।

६. माथिको मापदण्ड पूरा गर्नुपर्ने कुनै व्यक्ति राजनीतिक कारणले जेल परेमा जेल बसाईंको अवधिलाई पनि राजनीतिक निरन्तरतामा गणना गरिनेछ ।

घ) राष्ट्रिय प्रतिनिधि परिषद्कोसदस्य हुन देहायबमोजिमको योग्यता हुनु पर्नेछ -

१. केन्द्रीय कमिटी वा केन्द्रीय निकाय वा राष्ट्रिय प्रतिनिधि परिषद्मा रही काम गरिसकेको वा,

२. केन्द्रीय विभाग वा अञ्चल समन्वय कमिटीमा रहेर एक अवधि काम गरिसकेको वा,

३. जिल्ला कमिटीमा रहेर दुई अवधि काम गरिसकेको वा,

४. पार्टीका जनसङ्गठनको केन्द्रमा रहेर एक अवधि काम गरिसकेको पार्टी सदस्य र,

५. पार्टी सदस्य भई कम्तिमा ७ बर्ष पार्टी काम गरेको ।

तर, महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा अञ्चल वा जिल्ला तहको पार्टी कमिटीमा बसी काम गरिसकेको वा पार्टीको सदस्य भई ५ बर्ष काम गरेको भए पुग्नेछ ।

६. भूगोलको निर्वाचन क्षेत्रबाट वा विशेष क्षेत्रबाट निर्वाचित हुनकालागि सम्बन्धित निर्वाचत क्षेत्रमा कार्यरत हुनुपर्नेछ ।

ङ) केन्द्रीय अनुशासन आयोगको सदस्य हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ -

१. केन्द्रीय कमिटीको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

२. केन्द्रीय निकायको पदाधिकारी वा सदस्य भई काम गरेको ।

३. पार्टी जीवनमा अनुशासनको कारवाहीमा नपरेको ।

४. आयोगको कामप्रति रुचि भएको र आवश्यकता अनुरूप समय दिनसक्ने ।

५. तर अध्यक्ष हुनका लागि माथि उल्लेखित योग्यताका अतिरिक्त स्थायी कमिटीको सदस्यको योग्यता पुगेको हुनुपर्ने छ ।

च) केन्द्रीय लेखा परीक्षण आयोगको सदस्य हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ -

१. केन्द्रीय निकायको पदाधिकारी वा सदस्य भई काम गरेको वा

२. केन्द्रीय कमिटीको सदस्य हुन योग्यता पुगेको ।

३. लेखासम्बन्धी विशेषज्ञता हासिल गरेको ।

४. तर अध्यक्ष हुनका लागि माथि उल्लेखित योग्यताका अतिरिक्त पोलिटब्यूरो सदस्यको योग्यता पुगेको हुनुपर्ने छ ।

छ) केन्द्रीय निर्वाचन आयोगको सदस्य हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ :

१. केन्द्रीय निकायको सदस्य भई काम गरेको वा

२. केन्द्रीय कमिटीको सदस्य हुन योग्यता पुगेको ।

३. निर्वाचनसम्बन्धी कानूनी वा व्यावहारिक ज्ञान भएको ।

४. तर अध्यक्ष हुनका लागि माथि उल्लेखित योग्यताका अतिरिक्त पोलिटब्यूरो सदस्यको योग्यता पुगेको हुनुपर्ने छ ।

ज) केन्द्रीय सल्लाहकार परिषद्को सदस्य हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछ -

१. केन्द्रीय कमिटीको पदाधिकारी वा सदस्य वा केन्द्रीय निकायको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

२. पार्टी सदस्य भई कम्तिमा १० बर्ष काम गरेको र दर्शनशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, परराष्ट्र मामिला, कानुन र विज्ञान प्रविधिजस्ता विषयको विज्ञ सदस्य ।

३. तर अध्यक्ष हुनका लागि माथि उल्लेखित योग्यताका अतिरिक्त पोलिटब्यूरो सदस्यको योग्यता पुगेको हुनुपर्ने छ ।

झ) विभागीय सदस्य हुन देहाय बमोजिको योग्यता हुनु पर्नेछ -

१. सम्बन्धित विषयको विज्ञ वा एकतह तल्लो कार्यकारी कमिटीको सदस्य भई काम गरेको ।

ञ) अञ्चल / विशेष समन्वय कमिटीको सदस्य हुन कम्तिमा ८ वर्ष पार्टी सदस्य भई देहाय बमोजिमको योग्यता हुनुपर्नेछ -

१. अञ्चल / विशेष समन्वय कमिटीको सदस्य भई काम गरेको वा

२. जिल्ला कमिटीमा रही कम्तिमा दुई कार्यकाल काम गरेको ।

३. तर महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने पार्टी सदस्य भई ५ बर्ष काम गरेको र एक कार्यकाल जिल्ला कमिटीमा रही काम गरेको भए पुग्नेछ ।

ट) जिल्ला अधिवेशनको प्रतिनिधिको निर्वाचनमा उम्मेदवार हुन पार्टी सदस्य भई ३ बर्ष काम गरेको हुनुपर्नेछ । तर महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा पार्टी सदस्य भई २ बर्ष काम गरेको भए पुग्नेछ ।

ठ) जिल्ला कमिटीको पदाधिकारी र सदस्य हुन पार्टी सदस्य भई ६ वर्ष काम गरेको र देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ -

१. जिल्ला कमिटीको सदस्य भई काम गरेको वा,

२. निर्वाचन क्षेत्रीय कमिटी वा इलाका स्तरीय कमिटीमा कम्तिमा ३ वर्ष काम गरेको,

३. तर महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा ४ बर्ष पार्टी सदस्य भई काम गरेको र मातहतको कमिटीमा एक कार्यकाल काम गरेको भए पुग्नेछ ।

४. जिल्ला कमिटीको अध्यक्षको उम्मेदवार हुन जिल्ला कमिटीको सदस्यको रूपमा २ कार्यकाल वा एक कार्यकाल सचिवालय सदस्य भएको हुनु पर्नेछ । अन्य पदाधिकारीका लागि उम्मेद्वार बन्न १ अवधि जिल्ला कमिटीमा रही काम गरिसकेको हुनुपर्नेछ ।

५. तर महिला, दलित, सिमान्तकृत जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा उल्लेखित योग्यता पुरागरी ५ बर्ष सदस्य भई काम गरेको हुनुपर्नेछ ।

ड) अन्य स्तरका कमिटी र परिषद्का पदाधिकारी तथा सदस्यको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## अध्याय - पाँच

# विशेष महाधिवेशन–अधिवेशन–बैठकहरू

**धारा–३९ विशेष महाधिवेशन :**

क) ठोस कार्यसूचि र उचित कारण दर्शाई दुईतिहाइ जिल्ला कमिटीहरू वा ५१ प्रतिशत पार्टी सदस्यले लिखित रूपमा माग गरेको खण्डमा मागपत्र दर्ता गरेको मितिले ६ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नु पर्नेछ ।

ख) धारा - ३९ को उपधारा (क) बमोजिम महाधिवेशन आयोजना नगरिएमा महाधिवेशनको माग गर्ने कमिटी वा पार्टी सदस्यहरूले महाधिवेशन आयोजक कमिटी बनाई विशेष महाधिवेशन आयोजना गर्न सक्नेछन् ।

**धारा–४० अधिवेशन :**

क) सामान्यतः जिल्ला अधिवेशन प्रत्येक ४ वर्षमा, निर्वाचन क्षेत्र, नगर र इलाका प्रत्येक ३ वर्षमा, शाखा अधिवेशन प्रत्येक २ वर्षमा र प्रारम्भिक कमिटीको अधिवेशन १ वर्षमा हुनेछ ।

ख) सबै अधिवेशनहरूले विधानको मातहत रही प्रतिवेदन र प्रस्तावहरू पारित गर्ने, आफ्नो कार्यक्षेत्रका समग्र कामको मूल्याङ्कन गर्ने, आगामी कामको योजना बनाउने र नयाँ नेतृत्वको चयन गर्नेछन् ।

ग) सबै तहका कमिटीहरू आफ्नो तहको अधिवेशनका आयोजक हुनेछन् । अधिवेशनका प्रतिनिधि हुनका लागि आ-आफ्नो कार्यक्षेत्र वा तोकिएको क्षेत्रबाट निर्वाचित हुनुपर्नेछ । अधिवेशनमा प्रतिनिधित्वको व्यवस्था देहाय बमोजिम हुनेछ -

१. तोकिए बमोजिम पार्टी सङ्गठित सदस्यबाट निर्वाचित प्रतिनिधिहरू ,

२. कूल निर्वाचित प्रतिनिधि संख्याको बढीमा ५ प्रतिशत सम्बन्धित कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

घ) सबै तहका स्थानीय पार्टी कमिटीहरूको सदस्य सङ्ख्या तोकिए बमोजिम हुनेछ ।

**धारा-४१ बैठक** :

पार्टी कमिटी, प्रतिनिधि परिषद्, सल्लाहकार परिषद्, सचिवालय र विभागका बैठक देहाय बमोजिम हुनेछन् -

१. सामान्यतया केन्द्रीय कमिटीको बैठक ६ महिना, पोलिटव्यूरोको बैठक ३ महिना, अञ्चल समन्वय कमिटी र विशेष समन्वय कमिटीको बैठक ३ महिना, जिल्ला कमिटी र निर्वाचन क्षेत्रीय कमिटीको बैठक २ महिना, इलाका, नगर, शाखा र प्रारम्भिक लगायतका अन्य सबै कमिटीहरूको बैठक १ महिनामा नबढाई आयोजना गर्नुपर्नेछ । त्यसैगरी जिल्ला र त्यसभन्दा तलका प्रतिनिधि परिषद्को बैठक १ बर्षमा नबढाई आयोजना गरिनेछ ।

२. स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठक १५ दिनमा, केन्द्रीय विभागको बैठक ३ महिनामा आयोजना गरिनेछ ।

३. सबै तहका सल्लाहकार परिषद्हरूको बैठक आवश्यकता अनुसार आयोजना गरिनेछ ।

४. कमिटीका बहुमत सदस्यहरूले माग गरेको खण्डमा केन्द्रीय कमिटीको बैठक १५ दिनभित्र र मातहत कमिटीको बैठक ७ दिनभित्र बोलाउनु पर्नेछ ।

५. स्थानीय पार्टी कमिटीहरूको बैठक तोकिएको समयमा भए नभएको अनुगमन ठीक माथिल्लो कमिटीले गर्नु पर्नेछ ।

६. केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा परीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोगका बैठक आ-आफ्नो कार्य-सम्पादन नियमावलीमा तोकिए बमोजिम हुनेछन् ।

**धारा-४२ बहुमतको निर्णय पार्टी निर्णय** :

राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, अधिवेशन र बैठकमा सबै विषयमाथि छलफल गर्दा जनवादी प्रक्रिया अपनाइने छ। निर्णय

प्रक्रियामा मत विभाजन भएमा बहुमतको निर्णय नै पार्टी निर्णय हुनेछ। निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति लिखित रूपमा कमिटीमा प्रस्तुत गर्नुपर्ने छ। फरक मत प्रस्तुत गर्ने सदस्यले आफ्नो मत छलफलमा लैजान माग गरेमा र कमिटीले आवश्यक ठानेमा निर्णित विषयलाई कार्यान्वयन गर्ने गरी विधि र प्रक्रिया खुलाई अनुमति दिन सकिनेछ।

## अध्याय – छ

## संविधानसभा/संसद र स्थानीय निकाय

**धारा–४३ संविधानसभा/संसद र स्थानीय निकाय :**

संविधानसभा/संसद र स्थानीय निकाय पार्टी कामका महत्वपूर्ण क्षेत्र हुनेछन्। यी निकायहरूमा पार्टीले आफ्ना नीति, नेतृत्व र निर्णयहरू संयन्त्रहरू मार्फत लागू गर्नेछ।

क) संविधानसभा/संसदीय दल :

१. पार्टीको चुनाव चिन्ह लिई विजयी भएका तथा पछि दलको सदस्यता ग्रहण गरेका सभासद/सांसदहरू समावेश भएको पार्टीको संविधानसभा/संसदीय दल गठन हुनेछ।

२. संविधानसभा/संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी केन्द्रीय कमिटीबाट अनुमोदन गराउने छ र सो अनुरूप कार्य गर्नेछ।

३. केन्द्रीय कमिटीले पार्टीको कार्यक्रम र नीतिअनुरूप संविधानसभा/संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ।

४. पार्टीका सभासद/सांसदहरूले पार्टी केन्द्रीय कमिटीले तोकेको जिम्मेवारी बाहेक अन्य अवस्थामा आफू सम्बद्ध पार्टी कमिटीले तोकेको कार्यक्षेत्र र आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ।

५) पार्टीको संविधानसभा/संसदीय दल र सभासद/सांसदहरू जनता र पार्टीप्रति उत्तरदायी हुनेछन्। पार्टीको नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ।

ख) संविधानसभा/संसदीय दलका पदाधिकारीहरूको निर्वाचन तथा संसदीय बोर्डको गठन :

१. संविधानसभा/संसदीय दलले आफ्नो विधान तथा नियमावली अनुरूप लोकतान्त्रिक विधिको आधारमा दलको नेता र उपनेताको निर्वाचन गर्नेछ।

२. दलको नेताले प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन्।

३. पार्टीको तर्फबाट संविधानसभा/संसदमा गरिने कामलाई प्रभावकारी बनाउन दलको नेता र उपनेता, प्रमुख सचेतक, सचेतक र दलबाट निर्वाचित अन्य सभासद/सांसदहरू सदस्य रहनेगरी संविधानसभा/संसदीय बोर्डको गठन हुनेछ। दलको नेता बोर्डको प्रमुख र उपनेता उपप्रमुख रहनेछन्।

४. संविधानसभा/संसदीय दल तथा बोर्डको काम, कर्तब्य र अधिकार दलको विधान र नियमावली बमोजिम हुनेछन्।

ग) स्थानीय निकाय :

१. सम्बन्धित तहको पार्टी कमिटीले स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरू सम्मिलित संयन्त्र गठन गर्नेछ।

२. पार्टीको चुनाव चिन्ह लिई विजयी हुने वा अन्य दलबाट पार्टीमा प्रवेश गर्ने स्थानीय निकायका जनप्रतिनिधिहरूलाई सम्बन्धित तहको पार्टी कमिटीले धारा - ४३ को उपधारा (ग) को देहाय (१) मा उल्लेखित संयन्त्र मार्फत् पार्टीको नीति, नेतृत्व र निर्णयहरू प्रदान गर्ने र लागू गर्नेछ।

३. स्थानीय निकायमा कार्यरत पार्टीका जनप्रतिनिधिहरू जनता र पार्टीप्रति उत्तरदायी हुनेछन्। पार्टीको नीति र निर्णयहरू पालना गर्नु उनीहरू को कर्तव्य हुनेछ।

## अध्याय – सात

# अनुशासन

धारा-४४ प्रत्येक पार्टी सदस्य पार्टी कमिटीको मातहत हुनेछ, अल्पमत बहुमतको मातहत हुनेछ, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत हुनेछ, सबै सदस्य तथा कमिटीहरू केन्द्रीय कमिटी मातहत हुनेछन् र केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनको मातहत हुनेछ। पार्टीको सार्वभौम अधिकार पार्टी सदस्यमा निहित रहनेछ।

धारा-४५ कुनै पनि मातहत कमिटीले माथिल्लो कमिटीको वा सदस्यले कमिटीको निर्णय र विचारप्रति आफ्नो कमिटीमा असहमति प्रकट गर्न र मौखिक वा लिखित रूपमा असहमति प्रकट गर्न पाउने छन्। तर हरेक सदस्य वा कमिटीले सम्बन्धित कमिटीको बहुमत र माथिल्लो कमिटीले गरेको निर्णय पालना गर्नुपर्नेछ। बहुमतले अल्पमतको कदर गर्नु पर्नेछ।

धारा-४६ प्रत्येक पार्टी सदस्यले विधानको अधीनमा रही राष्ट्रिय महाधिवेशन वा विधान महाधिवेशन वा अधिवेशन वा आफ्नो कमिटीको बैठकमा आफ्नो मत राख्न पाउने छन् र फरक मतका कारणले कसैप्रति भेदभाव गरिने छैन। तर फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्व भने निर्वाह गरिरहनु पर्नेछ।

धारा-४७ कमिटीको निर्णय पुस्तिकामा औपचारिक रूपले उल्लेख गरिएको वा लिखित रूपमा सम्बन्धित कमिटीमा प्रस्तुत गरिएको मतलाई मात्र फरक मत मानिनेछ। यस्तो मतका सम्बन्धमा छलफलको माग भएमा तोकिएको प्रक्रिया अनुरूप छलफलमा लगिनेछ।

धारा-४८ राष्ट्रिय महाधिवेशन र विधान महाधिवेशनले गरेका फैसलाहरू विपरीत वा ती फैसलासँग असहमतिका विषयहरूलाई अर्को राष्ट्रिय महाधिवेशन वा विधान महाधिवेशनको समयमा वा केन्द्रीय कमिटीले बहस खुला गरेको अवस्थामा तोकिएको प्रक्रियाद्वारा मात्र उठाउन पाइनेछ। त्यस्ता असहमति निर्धारित प्रक्रियाअनुरूप मात्र महाधिवेशनमा प्रस्तुत गर्न सकिनेछ।

**धारा–४९ अनुशासनको कारबाही :**

क) देहाय बमोजिमको अवस्था प्रमाणित भएमा कुनै पनि पदाधिकारी, सदस्य तथा स्थानीय कमिटीहरू माथि अनुशासनको कारबाही हुन सक्नेछ :

१. पार्टीको वैधानिक व्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेको,

२. पार्टीभित्र गुटबन्दी तथा षडयन्त्र गरेको,

३. पार्टी निर्णय उल्लङ्घन गरेको,

४. पार्टीप्रतिको निष्ठा र विश्वास नरहेको,

५. पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेको,

६. पार्टी कमिटीको गोपनीयता भङ्ग गरेको,

७. पार्टीद्वारा सञ्चालित आन्दोलनको विपक्षमा रहेको वा विरोधीसँग साँठगाँठ गरेको,

८. कुनै पनि जनप्रतिनिधिमूलक संस्थाको निर्वाचनमा पार्टीको निर्णयविपरीत उम्मेदवार बनेमा, पार्टीको उम्मेदवारविरुद्ध प्रचार गरेमा वा पार्टीको उम्मेदवारका विरुद्धमा उठ्ने अन्य कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेदवारको पक्षमा कुनै काम गरेमा,

९. सरकार, केन्द्रीय र स्थानीय जनप्रतिनिधि संस्था लगायत पार्टीले पठाएको जिम्मेवारीमा रहँदा पार्टी निर्णय र निर्देशन विपरीत कार्य गरेमा,

१०. नैतिक पतन देखिने फौजदारी कसुर गरेको वा भ्रष्ट क्रियाकलाप गरेको वा अवाञ्छित तत्वसँग साँठगाँठ गरी राष्ट्रको हित विपरित काम गरेको,

११. पार्टीले माग गरेको अवस्थामा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेको, झुट्ठा विवरण पेस गरेको वा स्रोत खुलाउन नचाहेको,

१२. पदीय आचरण वा पार्टी हित विपरीत आर्थिक अनुशासनहीनता या पार्टी सम्पत्तिको हिनामिनामा सङ्लग्न भएको,

१३. छुवाछुत वा जातीय भेदभाव वा लैङ्गिक हिंसाजन्य क्रियाकलाप गरेको,

१४. पार्टीको विधान वा नियमावलीमा पार्टी सदस्य वा पार्टी कमिटीहरूले पालन गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उल्लङ्घन गरेको ।

ख) धारा - ४९ (क) मा उल्लेखित क्रियाकलाप गरे वापत त्यसको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्वन्धित कमिटीले आलोचना गर्ने वा लिखित रूपमा आत्मालोचना गराउने वा स्पष्टीकरण माग्ने वा चेतावनी दिने वा पद वा सदस्यताबाट निलम्बन गर्ने वा पार्टी सदस्यताबाट निष्कासनको कारवाही गर्न सक्नेछ ।

ग) कमिटीको कुनै पदाधिकारीलाई निलम्बन वा निष्कासन गर्ने निर्णय भएको अवस्थामा कमिटीको बैठकबाट तत्काल कार्यवाहक पदाधिकारी तोकी काम गर्ने र यथाशीघ्र सम्बन्धित तहको प्रतिनिधि परिषद्को बैठक बोलाएर नयाँ पदाधिकारीको चयन गर्नुपर्नेछ । पार्टी सदस्यताबाट हटाउने कारवाही गर्दा माथिल्लो कमिटीको अनुमोदन अनिवार्य हुनेछ । पार्टी सदस्यताबाट निष्कासनको कारवाही गर्ने अधिकार सदस्यता प्रदान गर्ने अधिकार प्राप्त कमिटीलाई हुनेछ । विशेष परिस्थितिमा केन्द्रीय कमिटीले तोकेको प्रक्रियाको अधीनमा रही कुनै पनि पार्टी सदस्य र कमिटी उपर कारवाही गर्न सक्नेछ । केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यको हकमा केन्द्रीय कमिटीको निर्णय नै अन्तिम हुनेछ ।

घ) प्रारम्भिक कमिटीदेखि जिल्ला प्रतिनिधि परिषद्सम्मलाई अनुशासनको कारवाही गर्ने अधिकार जिल्ला कमिटीलाई हुनेछ । तर यसको अनुमोदन एक तह माथिल्लो कमिटीबाट गराउनु पर्नेछ । जिल्ला कमिटीको हकमा केन्द्रीय कमिटीको अनुमोदनमा

अञ्चल समन्वय कमिटीलाई र सोभन्दा माथिको कमिटीको हकमा कारवाही गर्ने अधिकार केन्द्रीय कमिटीलाई हुनेछ ।

ङ) कुनै पनि कमिटी वा सदस्यले आफूलाई तोकिएको दायित्व र जिम्मेवारी पालना नगरेमा कमिटीको हकमा माथिल्लो कमिटीले विघटन गर्न सक्नेछ र सदस्यको हकमा सम्बन्धित कमिटीले ठोस आधार तथा कारण खुलाई एक पद घटुवा गर्न सक्नेछ। त्यस्तो निर्णय एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि लागू हुनेछ ।

च) लगातार तीन पटकसम्म कमिटी बैठकमा बिना सूचना र बिना उचित कारण अनुपस्थित रहेमा कमिटी सदस्यता स्वतः समाप्त हुनेछ ।

छ) अनुशासनको कारवाहीस्वरूप निलम्बनमा परी फुकुवा भएको ६ महिना ब्यतीत गरिनसकेका पार्टी सदस्यले पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेद्वार हुन पाउने छैनन् ।

ज) पार्टी सदस्यताबाट निलम्बन गर्ने अधिकतम अवधि दुई बर्षसम्म हुनेछ ।

झ) कुनै पनि कमिटीमा निर्वाचित सदस्यको सो कमिटीका निम्ति तोकिए बमोजिम योग्यता र मापदण्ड नपुगेको प्रमाणित भएमा निजको पद स्वतः खारेज हुनेछ ।

ञ) पार्टीको अनुशासन उलङ्घन गरेमा वा पार्टी निर्णयको अवज्ञा गरेमा वा पार्टीको हित र प्रतिष्ठामा आँच पुर्‍याउने काम गरेमा पार्टीको चुनाव चिन्हबाट निर्वाचित वा पछि दलको सदस्यता ग्रहण गरेको सभासद/सांसदलाई संविधानसभा-संसदीय कामसँग सम्बन्धित बिषयमा पार्टी केन्द्रीय कमिटीले र पार्टी कामसँग सम्बन्धित बिषयमा निज सङ्गठित रहेको पार्टी कमिटीले तोकिएबमोजिम कारवाही गर्नेछ। त्यसैगरी स्थानीय निकायमा कार्यरत जनप्रतिनिधिको

हकमा सम्बन्धित तहको पार्टी कमिटीले तोकिएबमोजिम कारवाही गर्न सक्नेछ। कारवाही सम्बन्धी त्यस्तो निर्णय एक तह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि मात्र कार्यान्वयन हुनेछ।

धारा-५० पार्टीका विरुद्ध शत्रुतापूर्ण गतिविधि गरेको वा धारा ६ (ग) बमोजिम स्वतः पार्टी सदस्यता समाप्त हुने अवस्थामा बाहेक कुनै पनि सदस्य वा कमिटी उपर अन्तिम कारबाही गर्नु अघि स्पष्टीकरण दिने मौका दिइनेछ।

धारा-५१ आफूमाथि भएको कारवाही उपर चित्त नबुझे कुनै पनि सदस्य वा कमिटीले माथिल्लो कमिटीमा वा केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन दिन सक्नेछन्। केन्द्रीय अनुशासन आयोगको निर्णय चित्त नबुझेमा राष्ट्रिय महाधिवेशनसमक्ष पुनरावेदन गर्न सकिनेछ।

### अध्याय - आठ

## पार्टी कोष र सम्पत्तिको व्यवस्था

**धारा-५२ पार्टीको आयश्रोत देहाय बमोजिमको हुनेछ :**

१. तोकिएको सदस्यता शुल्क,

२. तोकिएको पार्टी लेवी,

३. चन्दा सहयोग,

४. प्रकाशन बिक्री वितरण,

५. पार्टी सम्पत्तिको परिचालनबाट प्राप्त आय।

६. विशेष कार्यक्रम वा अभियानवाट सङ्कलित रकम।

**धारा-५३ पार्टी कोष, यसको सञ्चालन र लेखा व्यबस्थापन :**

१. पार्टीको एउटा कोष हुनेछ र यसमा धारा ५२ मा उल्लेख भए बमोजिमको रकम रहनेछ,

२. केन्द्रीय कमिटीले सबै पार्टी कमिटी र सदस्यहरू बाट सदस्यता शुल्क एवम् पार्टी लेवी र समर्थक शुभ-चिन्तकहरू बाट सहयोग संकलन तथा श्रोत परिचालन गरी पार्टीको केन्द्रीय कोष निर्माण र सञ्चालन गर्नेछ,

३. स्थानीय पार्टी कमिटीहरू ले आफ्नो मातहतका कमिटी र सदस्यहरू बाट सदस्यता शुल्क एवम् लेवी र समर्थक-शुभचिन्तकहरू बाट सहयोग संकलन गरी आफ्नो तहको कोष निर्माण र सञ्चालन गर्नेछन्,

४. कोषको व्यवस्थापन र संचालन पार्टीको आर्थिक विनियम अनुसार हुनेछ,

५. सबै कमिटीहरूले पार्टीको आर्थिक विनियम अनुसार आफ्नो आय व्ययको लेखा राख्नेछन् र वार्षिक रूपमा लेखा परीक्षण गराई आफ्नो तहको अधिवेशन तथा प्रतिनिधि परिषद् र माथिल्लो कमिटीमा पेश गर्ने छन् ।

**धारा–५४ कार्यकर्ता संरक्षण कोष :**

१. पार्टी कार्यकर्ता संरक्षणको लागि एउटा कोष हुनेछ ।

२. यसको सञ्चालन एक छुट्टै विनियम अनुसार गरिनेछ ।

३. यस्तो कोष केन्द्रीय कमिटीको अनुमति लिएर अञ्चल र जिल्ला कमिटी तहसम्म पनि स्थापना गर्न सकिनेछ ।

**धारा–५५ पार्टीको अचल र जिन्सी सम्पत्ति :**

पार्टीको नाममा भएका अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा पार्टी केन्द्रीय कमिटीको पूर्ण स्वामित्व रहनेछ । त्यसको लगत तोकिए बमोजिम राखिनेछ । केन्द्रीय कमिटीको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही रहने छैन । सम्पत्तिको परिचालन पार्टीको आर्थिक विनियम बमोजिम हुनेछ ।

**धारा–५६ पारिश्रमिक र खर्च व्यवस्था :**

१. विधानको धारा ३७ (घ) मा उल्लिखित तथा परिभाषित जिम्मेवारीसहित पूर्ण समय पार्टी काममा लगाउने व्यक्तिलाई सम्बन्धित कमिटीले पारिश्रमिकको व्यवस्था गर्नेछ ।

२. पार्टीका कुनै विशेष काममा पार्टी नेता वा कार्यकर्तालाई खटाउँदा हुने खर्चको व्यवस्था आवश्यकताअनुसार पार्टीले गर्नेछ ।

**धारा–५७ लेखा र लेखा परीक्षण :**

१. पार्टीको सबै तहमा आय-व्ययको लेखा केन्द्रीय लेखा परीक्षण आयोगले तोकेबमोजिम राखिनेछ ।

२. पार्टी केन्द्रीय कमिटी, अञ्चल/विशेष/सम्पर्क समन्वय कमिटी, जिल्ला/विशेष जिल्ला कमिटी र पार्टीका घोषित जनसङ्गठनहरूको केन्द्रीय तहको लेखा परीक्षण केन्द्रीय लेखा परीक्षण आयोगद्वारा हुनेछ ।

३. लेखा र लेखा परीक्षणसम्बन्धी अन्य कार्य तोकिएबमोजिम हुनेछ ।

४. प्रत्येक पार्टी कमिटीले हरेक आर्थिक वर्षभित्र लेखा परीक्षण गर्नुपर्नेछ । प्रत्येक तहको अधिवेशनको समयमा सिङ्गो अवधिको लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्ने छ ।

**अध्याय – नौ**

## विधान संशोधन

**धारा–५८ विधान संशोधन प्रस्ताव**

१. केन्द्रीय कमिटीले विधान संशोधनसम्बन्धी लिखित प्रस्ताव विधान महाधिवेशन समक्ष प्रस्तुत गर्नेछ ।

२. केन्द्रीय कमिटीले धारा - ५८ को उपधारा (१) बमोजिमको लिखित प्रस्ताव विधान महाधिवेशन शुरु हुनुभन्दा एक महिना अगावै स्थानीय कमिटी तथा पार्टी सदस्य समक्ष पुऱ्याइसक्नु पर्नेछ ।

३. विधानमा संशोधन पेश गर्न चाहने स्थानीय पार्टी कमिटी र सदस्यले आफ्नो लिखित प्रस्ताव तोकिए बमोजिम केन्द्रीय कमिटी समक्ष प्रस्तुत गर्नुपर्नेछ । यस्तो प्रस्तावका सम्बन्धमा केन्द्रीय कमिटीले आवश्यक निर्णय गर्नेछ ।

### अध्याय – दस

## विविध

**धारा–५९ विभागहरू :**

१. पार्टीको केन्द्रीय र स्थानीय तहमा तोकिए अनुसारका विभागहरू रहनेछन् ।

२. सम्बन्धित कमिटीले विभागको प्रमुख, उपप्रमुख र सदस्यहरू नियुक्त गर्नेछ । विभागमा सदस्यहरू मध्येबाट सचिव निर्वाचित हुनेछन् ।

३. विभाग अन्तरगत आवश्यकता अनुसार विभिन्न डेस्क वा शाखाहरू राख्न सकिनेछ ।

४. विभागका काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

**धारा–६० मोर्चा सङ्गठन :**

पार्टीका जनसङ्गठनहरूको मोर्चा निर्माण गरिनेछ । यसका काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

**धारा–६१ स्वयंसेवी सङ्गठन :**

पार्टीको एउटा स्वयंसेवी सङ्गठन हुनेछ । यसको नाम, संरचना, सञ्चालन विधि, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**धारा–६२ पार्टी संयन्त्र :**

पार्टीका जनसङ्गठनहरूलाई पार्टीले प्रत्यक्ष रूपमा नेतृत्व गर्नेछ। पेशागत र सरकोकारवाला सङ्गठन वा संस्थाहरूमा सोही प्रकृतिका जनसङ्गठनहरू मार्फत पार्टी काम गरिनेछ। मिल्दो प्रकृतिको जनसङ्गठन नभएको अवस्थामा केन्द्रीयताको आधारमा तोकिए बमोजिम उपयुक्त पार्टी संयन्त्र गठन गरी पार्टी काम गरिनेछ। त्यसरी बन्ने संयन्त्र सम्बन्धित तहको पार्टी कमिटीले सञ्चालन गर्नेछ।

**धारा–६३ कार्यालय सञ्चालन :**

१. पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ। यसको सञ्चालन केन्द्रीय कमिटीले गर्नेछ।

२. स्थानीय कमिटीहरूले आ-आफ्नो तहका कार्यालय सञ्चालन गर्नेछन्।

**धारा–६४ पदेन र वैकल्पिक सदस्यको काम, कर्तब्य, अधिकार र वरियताक्रम :**

क) केन्द्रीय आयोगका अध्यक्षहरू तथा सबै तहका सल्लाहकार परिषदका अध्यक्षहरू सम्बन्धित तहको कमिटीको बैठकमा सहभागी हुनेछन् तर मताधिकार प्रयोग गर्ने छैनन्।

ख) वैकल्पिक सदस्यको चुन्ने, चुनिने, मतदानमा भाग लिनेबाहेक अन्य सम्पूर्ण अधिकार र कर्तव्य आफ्नो तहको कमिटीका सदस्य सरह हुनेछ।

ग) वैकल्पिक सदस्यको वरियताक्रम सम्वन्धित कमिटीले तोकेबमोजिम हुनेछ। वैकल्पिक सदस्यले कमिटीका कुनै पनि सदस्यको अनुपस्थितिमा वरियताक्रमअनुसार मताधिकार प्रयोग गर्न सक्नेछन्।

**धारा–६५ पदाधिकारी, कार्यकाल, पदरिक्तता, पदपूर्ति र उमेरहद :**

१. पार्टीको केन्द्रीय कमिटीमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिव, सचिव, सदस्य र बैकल्पिक सदस्य रहनेछन्। केन्द्रीय

आयोगहरूमा अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्य रहनेछन् । अञ्चल वा विशेष समन्वय कमिटीमा इन्चार्ज, सहइन्चार्ज, सचिव र सदस्यहरू रहनेछन् । विभिन्न तहमा गठन गरिने विभागहरूमा प्रमुख, आवश्यकता अनुसार उपप्रमुख, सचिव र सदस्यहरू रहनेछन् । जिल्ला र त्यस मातहतका सबै स्थानीय कमिटीहरूमा अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव, सदस्य र बैकल्पिक सदस्यहरू रहनेछन् । सबै तहका सल्लाहकार परिषद्मा अध्यक्ष, सचिव र सदस्यहरू रहनेछन् ।

२. केन्द्रदेखि जिल्ला तहसम्मका पदाधिकारी एउटा पदमा दुई कार्यकालभन्दा बढी रहने छैनन् ।

३. सबै कार्यकारी कमिटीमा निर्वाचित वा मनोनित हुन उमेरको हद ७० वर्ष हुनेछ ।

४. कुनैपनि कमिटीको पदाधिकारी वा सदस्यमा कार्यरत व्यक्ति अर्को कमिटीको पदाधिकारी वा सदस्यमा निर्वाचित हुन उम्मेदवार भएमा निज कार्यरत रहेको पद स्वतः रिक्त हुने छ ।

५. राजीनामा दिएर वा मृत्यु भएर वा अनुशासनको कारबाहीमा परेर वा अर्को कमिटीको पदाधिकारी वा सदस्य पदको निर्वाचनमा उम्मेदवार भएर कुनै पनि पार्टी कमिटी वा केन्द्रीय आयोगका पदाधिकारीको पद रिक्त भएमा तत्काल सम्बन्धित कमिटी वा आयोगबाट कार्यवाहक तोकिनेछ र सम्बन्धित तहको प्रतिनिधि परिषद्बाट तोकिएअनुसार नयाँ पदाधिकारीको चयन गरिनेछ ।

६. राजीनामा दिएर वा मृत्यु भएर वा अनुशासनको कारवाहीमा परेर वा अर्को कमिटीको पदाधिकारी वा सदस्य पदको निर्वाचनमा उम्मेदवार भएर कुनै पार्टी कमिटी वा केन्द्रीय आयोगका निर्वाचित सदस्यको पद रिक्त भएमा सम्बन्धित कमिटी वा आयोगको दुई तिहाई बहुमतबाट उक्त पद पूर्ति गरिनेछ ।

७. कमिटी तथा प्रतिनिधि परिषद्का मनोनित सदस्य, सल्लाहकार परिपद्का पदाधिकारी र सदस्य तथा विभाग, संयन्त्र र कार्यदलका सदस्यको पद रिक्त भएमा सम्बन्धित कमिटीको सामान्य बहुमतबाट उक्त पद पूर्ति गरिनेछ ।

**धारा–६६ निर्वाचन विधि र समावेशीकरण :**

१. समन्वय कमिटीबाहेक सबै कमिटी महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन्,

२. महाधिवेशन वा अधिवेशनबाट गठन गरिने सबै कमिटी र निकायका पदाधिकारी सदस्य तथा वैकल्पिक सदस्यहरूको निर्वाचन लोकतान्त्रिक विधिअनुरूप हुनेछ,

३. सबै तहका पार्टी कमिटी र महाधिवेशन, अधिवेशनका प्रतिनिधिहरूको निर्वाचनको लागि आम रूपमा भूगोल, खुल्ला र समावेशी गरी तीन क्षेत्र तोकिनेछन् ।

४. सबै तहका निर्वाचित पार्टी कमिटीहरू स्थानीय विशेषता अनुरूप समावेशी चरित्रका हुनेछन् र तिनमा न्यूनतम ३३ प्रतिशत महिला सदस्य रहनेछन् । महिला प्रतिनिधित्वको स्वरूप पनि समावेशी चरित्रको हुनुपर्नेछ । न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरूको स्थान खाली रहनेछ। त्यसैगरी सबै तहका पार्टी कमिटीहरूमा दलित समुदायको समावेशी प्रतिनिधित्व हुनुपर्नेछ ।

५. समावेशीताको आधार सामान्यतया सम्वन्धित समुदायको पार्टी सदस्य सङ्ख्यालाई बनाइनेछ ।

६. पार्टीका सबै तहका आरक्षित स्थानमा बढीमा दुई कार्यकालमात्र रहन पाइने छ । कार्यकालको गणना आठौं राष्ट्रिय महाधिवेशनबाट गरिनेछ ।

**धारा–६७ मनोनयन :**

१. विभिन्न तहका अधिवेशनका लागि निर्वाचित प्रतिनिधिहरू को ५ प्रतिशतमा नबढ्ने गरी सम्बन्धित कमिटीले प्रतिनिधि मनोनयन गर्न सक्नेछ ।

२. सबै तहका निर्वाचित कमिटीहरूले आफ्नो कमिटीका निर्वाचित सदस्यहरूको कूल सङ्ख्याको १० प्रतिशत भन्दा बढी नहुनेगरी आफ्नो कमिटीमा सदस्य र वैकल्पिक सदस्य मनोनित गर्न सक्नेछन् । केन्द्रीय आयोगहरूले आफ्नो आयोगमा निर्वाचित सदस्यहरूको कूल सङ्ख्याको २५ प्रतिशतसम्म सदस्य मनोनित गर्न सक्नेछन् ।

३. सबै तहका निर्वाचित कमिटीले आफ्नो तहको प्रतिनिधि परिषद्मा पदेन तथा निर्वाचित सदस्यहरूको कूल सख्याको ५ प्रतिशतभन्दा बढी नहुने गरी सदस्य मनोनित गर्न सक्नेछन् । मनोनयन गर्दा स्थानीय विशेषता अनुरूप समावेशी ढाँचामा गर्नुपर्नेछ ।

४. केन्द्रीय कमिटीले एकता र एकीकरण प्रक्रियालाई अघि बढाउन आवश्यकताअनुरूप कूल निर्वाचित पूर्ण र वैकल्पिक सदस्य सङ्ख्याको २० प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

**धारा–६८ विशेष अवस्था :**

कुनै कारणवश महाधिवेशनले चुनेको केन्द्रीय कमिटीका ५१ प्रतिशत सदस्य सङ्ख्याको पद रिक्त भएमा केन्द्रीय कमिटी स्वतः विघटन हुनेछ । यस्तो अवस्थामा महाधिवेशनबाट निर्वाचित बाँकी सदस्यहरूले राष्ट्रिय प्रतिनिधि परिषद्को बैठक बोलाउने छन् र बैठकले केन्द्रीय कमिटीका सदस्यहरू सहित आवश्यक सङ्ख्याको केन्द्रीय सङ्गठन कमिटी निर्माण गर्नेछ । सो कमिटीले केन्द्रीय कमिटीका सम्पूर्ण अधिकार र कर्तव्य प्रयोग गरी ६ महिनाभित्र राष्ट्रिय महाधिवेशनको आयोजना गरी केन्द्रीय कमिटी निर्माण गर्नेछ ।

**धारा-६९ सम्पत्ति विवरण :**

केन्द्रीय कमिटी, केन्द्रीय निकाय र राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्यहरू, पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने प्रधानमन्त्री, मन्त्री, सांसद, राजनीतिक नियुक्ति पाएका व्यक्ति, जिल्ला विकास समितिका सभापति, उप-सभापति, महानगर, उप-महानगर र नगरपालिकाका प्रमुख, उप-प्रमुख र पार्टी केन्द्रले तोकेको अन्य राजनीतिक नियुक्तिका पद ग्रहण गर्ने व्यक्तिले देहाय बमोजिमको कर्तव्य पालना गर्नु पर्नेछ :

क) आफू निर्वाचित/मनोनित/नियुक्त भएको दुई महिनाभित्र तोकिएको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको विवरण पार्टीको केन्द्रीय अनुशासन आयोगमा बुझाउनु पर्नेछ ।

ख) आफू सो पदमा रहुन्जेल आर्थिक बर्ष समाप्त भएको ६० दिन भित्र तोकिएको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको अद्यावधिक विवरण पार्टी केन्द्रीय अनुशासन आयोगमा बुझाउनु पर्नेछ ।

ग) पार्टी नेता तथा कार्यकर्ताको सम्पत्ति विवरण आवश्यकताअनुसार आवधिक रूपमा सार्वजनिक गरिनेछ ।

**धारा-७० दुई तिहाई बहुमत चाहिने :**

नेपालको संविधानले व्यवस्था गरेको संसदको दुई तिहाई बहुमतबाट अनुमोदित हुनुपर्ने विषयमा निर्णय लिंदा पार्टी केन्द्रीय कमिटीको दुईतिहाई बहुमत आवश्यक हुनेछ ।

**धारा-७१ जेष्ठ कम्युनिष्ट मञ्च :**

पार्टीका विभिन्न तहका कमिटीहरूले आवश्यकताअनुसार तोकिएबमोजिम 'ज्येष्ठ कम्युनिष्ट मञ्च' निर्माण गर्न सक्नेछन् र हरेक वर्ष पार्टी स्थापना दिवस वा विशेष अवसर पारेर ज्येष्ठ कम्युनिष्ट योद्धाहरूको सम्मान गर्नेछन् ।

**धारा–७२ सामुदायिक कम्युनिष्ट मञ्च :**

आवश्यकता अनुसार तोकिए बमोजिम विभिन्न समुदायमा सामुदायिक कम्युनिष्ट मञ्च गठन गर्न सकिनेछ। यसले समुदायमा आधारित सामाजिक, सांस्कृतिक काममा पार्टीलाई एकाकार गर्नेछ।

**धारा–७२ क. अनुसन्धान प्रतिष्ठान :**

पार्टीले समाज विज्ञानका विभिन्न विधाहरूको अध्ययन–अनुसन्धानका लागि स्वायत्त प्रकृतिको एक अनुसन्धान प्रतिष्ठान (academy) स्थापना गर्न सक्नेछ। यसको गठन, क्षेत्राधिकार तथा सञ्चालन तोकिए वमोजिम हुनेछ।

**धारा–७२ ख. पार्टीका औपचारिक कार्यक्रम :**

पार्टीका औपचारिक कार्यक्रमहरू तोकिए वमोजिम हुनेछन्। औपचारिक कार्यक्रमहरूमा अन्तर्राष्ट्रिय गीतको धुन बजाइने र राष्ट्रिय गान गाइनेछ।

**धारा–७३ नियम बनाउने अधिकार :**

विधानसँग नबाझिने गरी केन्द्रीय कमिटीले नियमावली, विनियम, निर्देशिका र आचारसंहिता निर्माण गरी लागू गर्न सक्नेछ।

**धारा–७४ बाधा अड्काऊ फुकाउने :**

यस विधानको कार्यान्वयनमा कुनै बाधा-अड्काऊ पर्न आएमा केन्द्रीय कमिटीले उक्त बाधा-अड्काउ फुकाउनेछ। यसरी बाधा अड्काउ फुकाएको बिषयलाई अनुमोदनका लागि विधान महाधिवेशन समक्ष प्रस्तुत गरिनेछ।

❖

**अनुसूची – १**

## पार्टी झण्डा

पार्टी झण्डाको लम्वाई-चौडाई ३:२ अनुपातको रहनेछ। त्यसको रातो भूईंमा बायाँ भागको माथिल्लो कुनामा सेतो रङ्गको हँसिया र हथौडा खप्टिएको चिन्ह अङ्कित हुनेछ।



## अनुसूची - २

# शपथ ग्रहणको ब्यहोरा

म ................................................ नेपालको गौरवमयी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी - लेनिनवादी) को सदस्य / .................. ................ कमिटी / निकाय को ......................... जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा शहीदको रगतद्वारा रञ्जित पार्टीको लाल झण्डासामु उभिएर प्रतिज्ञा गर्दछु :

- म मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा आत्मसात् गर्दै नेपाली जनता, राष्ट्र, पार्टी र क्रान्तिको हितमा निरन्तर समर्पित रहनेछु र आवश्यक बलिदान गर्न पछि नहट्ने सङ्कल्प गर्दछु। पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताकासाथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीकासाथ पालन गर्नेछु। पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउने छु। वर्ग-शत्रुहरू, अवसरवाद, आत्मसर्मणवाद, साम्राज्यवाद, प्रतिक्रियावाद र सबै प्रकारका गलत विचारका विरुद्ध दृढतापूर्वक जुझिरहने छु।

  - नेपाली क्रान्ति - जिन्दावाद !
  - मार्क्सवाद - लेनिनवाद र जनताको बहुदलीय जनवाद - जिन्दावाद ! आदरणीय अमर-शहीदहरू - लालसलाम !
  - नेकपा (एमाले) - जिन्दावाद ! जिन्दावाद !!